स्थानीय पाठ्यक्रम

# हाम्रो जुगल

२०७६

कक्षा १-५

प्रकाशक :
जुगल गाउँपालिका
सिन्धुपाल्चोक

(जुगल गाउँ कार्यपालिकाको मिति २०७६/   /   को निर्णयानुसार शैक्षिक सत्र २०७७ देखि लागु हुने गरी स्वीकृत)

© : जुगल गाउँपालिकामा सुरक्षित

संस्करण : प्रथम
प्रकाशन : २०७६
मुद्रकः

## भूमिका

नेपालको संविधान २०७२ ले आधारभूत तथा माध्यमिक शिक्षाको अधिकार एकल रुपमा स्थानीय सरकारलाई दिएको छ । विद्यालय शिक्षाको पाठ्यक्रम भने नेपाल सरकारले स्वीकृत गरे बमोजिम हुनेछ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले पनि स्थानीय तहका अधिकारहरू उल्लेख गरेको छ । जुगल गाउँपालिकाको स्थानीय शिक्षा ऐनले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार स्थानीय पाठ्यक्रम प्रारूप २०७६ अनुसार यो स्थानीय पाठ्यक्रम निर्माण गरिएको छ । स्थानीय पाठ्यक्रमको सन्दर्भ, सैद्धान्तिक अवधारणा, महत्व, मुद्दा, औचित्य, विद्यमान प्रावधान, अन्य पाठ्यक्रमसँगको अन्तरसम्बन्ध, ढाँचा र स्वरूप, सम्भावित विषय क्षेत्र, कार्यान्वयन प्रकृया, स्थानीय पाठ्यक्रम विकास र कार्यान्वयनसँग सम्बन्धित व्यवस्था र विभिन्न निकायको भूमिकालाई दृष्टिगत गरी यस जुगल गाउँपालिकाको आवश्यकतालाई पहिचान गर्दै आधारभूत तह अर्न्तगत प्राथमिक तह कक्षा १-५ का लागि पठनपाठन गर्न जुगल गाउँपालिका स्थानीय पाठयक्रम “हाम्रो जुगल” २०७६ निर्माण गरी लागू गरिएको छ ।

प्रदेश नं ३ सिन्धुपाल्चोकमा अवस्थित जुगल गाउँपालिकाको आवश्यकता पहिचान गरी विषयवस्तु छनौट गर्दा यो गाउँपालिकाभित्र हिमाल, पहाड र बेसीले परिवेष्ठित विभिन्न हावापानी पाइन्छ । जुगल हिमालको नामबाट यस गाउँपालिकाको नामाकरण गरिएको हो । यस गाउँपालिकाको आयस्रोत र साधनका हिसाबले सेलाङ, गोल्चे, गुम्बा, बराम्ची, हगाम, पाङ्ताङ् व्यावसायिक र पर्यटकीय हिमालहरू मुख्य क्षेत्र हुन् । भौगोलिक, साँस्कृतिक एवम् सामाजिक विविधतायुक्त यस गाउँपालिकाको आफ्नै विशेषता रहेको पाइन्छ । जुगल हिमालदेखि ब्रम्हायणी नदी बेसीसम्मको भूबनोट भएकाले यहाँ विभिन्न प्रजातिका वनस्पति पशु पन्छी, जडिबुटी, फलफूल, तरकारी एवम् अन्य सम्पदा रहेका छन् । तिनीहरूको संरक्षण, संबर्द्धन, क्रय बिक्रय व्यवस्था एवम् पुनरोपण गरी त्यसबाट आय आर्जन गर्न सकिने प्रशस्त आधारहरू छन् । खोल्सा खोल्सी र अन्य मूलबाट बग्ने पानीको व्यवस्थापन गर्दा कृषि व्यवसायबाट प्रशस्त आय आर्जन हुने देखिन्छ । स्थानीय मल बिउको प्रयोग गरी स्वास्थ्यबर्धक ताजा फलफूल, तरकारीक उत्पादनको प्रशस्त संभावना रहेकाले त्यसको उपयोग गरी व्यापार व्यावसायको माध्यमबाट सहज रुपमा जिविकोपार्जन गर्न सकिने प्रशस्त अवसर रहेको देखिन्छ । यसै गरी यहाँ सम्भावना रहेका फलफूल, पशु पन्छी साथै घरेलुसामान उत्पादनलाई व्यावसायिक बनाउँदै स्थानीय स्वरोजगार बढाउनु यस जुगल गाउँपालिकाको दायित्व रहेको छ ।

युवा पुस्ता रोजगारीका लागि शहर पस्ने एवम् विदेश पलायन हुने क्रम बढ्दै गएको छ । यो अवस्थामा सुधार ल्याउन उपयोग विहिन जग्गाको प्रयोग गरी कृषि व्यावसायको विकास गर्नु पर्दछ । यस स्थितिलाई सुधार गर्न बालबालिकामा सानै कक्षादेखि आफ्नो गाउँपालिकामा हुने र गर्न सकिने व्यावसायिक कार्य र त्यसबाट प्रशस्त आय आर्जन गरी जीवन निर्वाहमा सहयोग पुऱ्याउने, स्वस्थ जीवन यापन गर्न सकिने एवम् अन्य आय आर्जन गर्न सकिने कुरामा सकारात्मक धारणा बस्न सकोस साथै जुगल गाउँ पालिका भित्रको संस्कृतिको पहिचान गरी संरक्षण संवर्धन र विकास होस् भन्ने उद्देश्यले यो स्थानीय पाठ्यक्रम तयार गरिएको हो । कक्षा १ देखि कक्षा ५ सम्मका बालबालिकामा आफ्नो लागि आफैं काम गर्ने बानीको विकास गरी कृषि कार्यलगायत गाउँपालिकाभित्रका घरेलु तथा साना उद्योगबाट हुने उत्पादन तथा आन्तरिक पर्यटन व्यवसायबाट हुने लाभ आदिको जानकारी लिई आय आर्जन हुने कुराप्रति सकारात्मक धारणाको विकास गर्न साथै संस्कृतिको पहिचान

र विकास गर्न यस स्थानीय पाठ्यक्रमको अहम् भूमिका रहेको छ । त्यसैकारण “हाम्रो जुगल” विषयमा यो **“जुगल गाउँपालिका स्थानीय पाठ्यक्रम २०७६”** तयार पारिएको हो ।

यो पाठ्यक्रम तयार गर्ने क्रममा जुगल गाउँपालिका स्थानीय जनप्रतिनिधि, स्थानीय नीति निर्माता, स्थानीय शिक्षक, स्थानीय संघ सस्थाका प्रतिनिधि, स्थानीय बुद्धिजीवि, उद्योगी, व्यवसायिकलगायत विभिन्न निकायका प्रतिनिधिहरूको उपस्थितिमा अन्तरक्रियासहित राय सुझाव संङ्कलन गरिएको थियो साथै स्थानीय पाठ्यक्रम निर्माण समिति गठन गरी सो समितिबाट स्थानीय अध्ययन अनुसन्धान गर्दै मस्यौदा निर्माण गरियो । मस्यौदा माथि छलफल साथै परिस्कार गरी यो पाठ्यक्रम तयार भएको हो । स्थानीय पाठ्यक्रम निर्माण जस्तो महत्वपूर्ण कार्यमा संलग्न भई आफ्ना अमूल्य राय सुझाव दिई सहयोग गर्नुहुने सम्पूर्ण महानुभावप्रति स्थानीय पाठ्यक्रम निर्माण समिति साथै जुगल गाउँपालिका धन्यवाद ज्ञापन गर्दछ । साथै प्राविधिक सहयोग पुऱ्याउनुहुने विज्ञ समूह र प्रकाशनका निमित्त भूमिका निर्वाह गर्नु हुने महानुभावप्रति हार्दिक धन्यवादका साथ कृतज्ञता ज्ञापन गर्दछौ ।

होमनारायण श्रेष्ठ<br>
अध्यक्ष<br>
जुगल गाउँपालिका

स्थानीय पाठ्यक्रम निर्माण समिति

१. **प्रेम तामाङ**

२. **सनत अधिकारी**

३. **रामबाबु नेपाल**

४. **कृष्ण गुरुङ**

५. **कृष्ण घिमिरे**

६. **विनिता सिलवाल**

**विज्ञ समूह**

**उद्धव प्रसाद प्याकुरेल**<br>
**खिलानाथ धमला**

# विषय सूची


| क्र.स. | शीर्षक | पृष्ठ सङ्ख्या |
|---|---|---|
| | **भाग १**<br>**पाठयक्रमको परिचय** | |
| १.१. | परिचय | ६ |
| १.२. | स्थानीय पाठ्यक्रम लागु गर्नुको औचित्य | ७ |
| १.३. | स्थानीय पाठ्यक्रम निर्माणको कानूनी आधार | ७ |
| १.४ | पाठ्यक्रम तयारी विधि | |
| | **भाग २**<br>**हाम्रो जुगल** | |
| १. | परिचय | ८ |
| २. | तहगत सक्षमता | ८ |
| ३. | विषयवस्तु, पूर्णाङ्क र पाठ्यभार | ९ |
| ४. | विषय वस्तुको क्षेत्र तथा क्रम तालिका (Scope and sequence) | १० |
| ५. | विषय वस्तुको सिकाई उपलब्धी तथा विस्तृतिकरण | ११ |
| ६. | शिक्षण सिकाइ क्रियाकलाप | ३७ |
| ७. | मूल्याङ्कन प्रक्रिया | ३७ |

## भाग एक :- हाम्रो जुगल

### १.१ पाठ्यक्रमको परिचय

स्थानीय पाठ्यक्रमले निश्चित कक्षा वा तहको अध्ययन पुरा गरेपछि के कस्ता सक्षमताहरू हासिल गर्ने छन् र ती सक्षमता हासिल गर्न स्थानीय विषयका रुपमा कुन कुन सिकाइ उपलब्धि हासिल गनुपर्छ भन्ने कुरा निर्धारण गर्दछ । स्थानीय पाठ्यक्रमको अपेक्षित सिकाइ उपलब्धि तथा सक्षमता प्राप्तिका लागि के कस्ता सिकाइ विधि तथा प्रकृया प्रयोग गर्ने र अपेक्षित सिकाइ उपलब्धिहरू विद्यार्थीले प्राप्त गरे वा गरेनन् भनी कसरी यकिन गर्ने भन्ने कुराको मार्गदर्शन पनि यस स्थानीय पाठ्यक्रमले गर्दछ । यहि अवधारणा अनुसार यस स्थानीय पाठ्यक्रममा सिकारुले हासिल गर्नुपर्ने सक्षमता तथा सिकाइ उपलब्धि प्राप्तिका लागि आवश्यक विषयवस्तु लगाएत सिकाइ सहजिकरण प्रकृया, विद्यार्थी परिक्षण र मूल्याङ्कनका लागि आवश्यक निर्देशनसहितको सिकाइ योजनाका रुपमा बालबालिकाको सिकाइलाई मार्गदर्शन गर्न आवश्यक पर्ने तत्वहरू समावेश गरिएको छ । यस स्थानीय पाठ्यक्रममा जुगल गाउँपालिकाको स्थानीय आवश्यकता पहिचान गरी स्थानीय स्रोत साधनलाई परिचित र प्रयोग गराउन विद्यार्थीका पूर्व सिकाइ अनुभव, उसको परिवेश तथा पृष्ठभूमि, रुचि र क्षमतासहित वर्तमान स्थानीय आवश्यकता आँकलन गरी उनीहरूले हासिल गर्नुपर्ने ज्ञान सिप र अभिबृत्तिसहितका सक्षमताहरू समेटिएको छ । यसमा स्थानीय पाठ्यक्रम कार्यन्वयन योजना तथा पाठ्यक्रम कार्यान्वयनको मूल्याङ्कन गरी समसामयीक सुधार तथा परिमार्जनको मार्ग पनि उल्लेख गरिएको छ ।

यस स्थानीय पाठ्यक्रममा दुई भाग छन् । जसमा पहिलो भागमा स्थानीय पाठ्यक्रमको परिचय, औचित्य, कानुनी आधार र स्थानीय पाठ्यक्रम निर्माण प्रक्रिया उल्लेख गरिएको छ । भाग दुईमा स्थानीय पाठ्यक्रम 'हाम्रो जुगल" समाबेश गरिएको छ । स्थानीय पाठ्यक्रम "हाम्रो जुगल" लाई दुई क्षेत्रमा छुट्याइएको छ । जसमा हाम्रो आय आर्जन र हाम्रो संस्कृति रहेको छ । हाम्रो आय आर्जन क्षेत्र अन्तरगत कक्षा १-३ मा तरकारी खेती, पशु पन्छी पालन, फलफूल खेती र घरेलु सामान विषयहरू समावेश गरिएका छन् भने कक्षा ४-५ मा जडिबुटी र पर्यटन विषयहरू थप गरिएको छ । यसै गरी हाम्रो संस्कृति क्षेत्र अन्तरगत भेषभुषा, चाडपर्व र धार्मिक स्थल विषयहरू कक्षा १-३ मा समावेश गरिएका छन् भने कक्षा ४-५ का लागि प्राकृतिक सम्पदा थप गरिएको छ ।

### १.२. स्थानीय पाठ्यक्रम लागु गर्नुको औचित्य

नेपालको संबिधान २०७२ भाग ३ मौलिक हकको व्यवस्थाअन्तरगत धारा ३२ को उपधारा (२) र (३) मा उल्लेखित भाषा तथा संस्कृति सम्बन्धि हकको व्यवस्था गरिएको छ । त्यसै गरी नेपालको संबिधान २०७२ स्थानीय तहको अधिकार क्षेत्र (अनुसूची - ८) मा आधारभूत र माध्यमिक शिक्षाका बारेमा उल्लेख गरिएको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४, जुगल गाउँपालिकाको स्थानीय शिक्षा ऐनले दिएको अधिकार प्रयोग गरी स्थानीय पाठ्यक्रम प्रारूप २०७६ को अवधारणा अनुसार विकेन्द्रिकरणका माध्यमबाट स्थानीय तहलाई नीति निर्माणमा अधिकाधिक सहभागी गराउने उक्त नीति नियमको कार्यन्वयन गराउने र त्यसको प्रतिफलसमेत स्थानीय तहले नै उपभोग गर्न पाउने व्यवस्था अनुसार यस जुगल गाउँपालिकाले "हाम्रो जुगल" स्थानीय पाठ्यक्रम २०७६ लागु गरेको छ । जुगल गाउँपालिकाको स्थानीय तहमा रहेका स्रोत सामग्रीको संरक्षण, संवर्धन, परिचालन एवं विकास र स्थानीय तहमा प्रचलित धर्म, संस्कृति, परम्परा, मूल्य, मान्यताको विकासका लागि मार्ग निर्देश गर्ने र स्थानीय तहको क्षमता विकासमार्फत राज्यको आर्थिक, सामाजिक, सांस्कृतिक र राजनीतिक क्षेत्रमा आवश्यक पर्ने सक्षम, सचेत र इमान्दार नागरिक तयार गर्दै शिक्षालाई

स्थानीय परिवेशअनुरुप व्यावहारसँग जोड्ने मार्गचित्र तयार गर्न जुगल गाउँपालिका स्थानीय पाठ्यक्रमको औचित्य रहेको छ ।

## १.३. स्थानीय पाठ्यक्रम निर्माणको कानूनी आधार

नेपालको संबिधान २०७२ भाग ३ मा मौलिक हकको व्यवस्थाअन्तरगत धारा ३२ मा भाषा र सांस्कृतिको हक उल्लेख गरिएको छ । जसमा उपधारा (२) मा प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो समुदायको सांस्कृतिक जीवनमा सहभागी हुन पाउने हक हुने छ र उपधारा (३) मा नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो भाषा, लिपि, सांस्कृतिक सभ्यता र सम्पदाको संवर्धन र संरक्षण गर्ने हक हुने छ भन्ने प्रावधान रहेको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले कक्षा १-१२ को जिम्मेवारी स्थानीय तहलाई दिइएको आधार र जुगल गाउँपालिकाको स्थानीय शिक्षा ऐन २०७४ को स्थानीय पाठ्यक्रम निर्माण र लागु गर्न सकिने व्यवस्था अनुसार स्थानीय पाठ्यक्रम प्रारूप २०७६ ले निर्दिष्ट गरेका सिद्धान्त तथा आधारअनुसार स्थानीय पाठ्यक्रमका उल्लिखित अवधारणा अनुरूप आधारभूत तह अर्न्तगत कक्षा १-५ को स्थानीय पाठ्यक्रम विकास गरी यस जुगल गाउँपालिका स्थानीय पाठ्यक्रम विकास तथा मूल्याङ्कन समितिले मिति २०७६।०४। । गते को बैठकबाट स्वीकृत गरी यही शैक्षिक बर्षबाट जुगल गाउँपालिका भरिका सम्पूर्ण आधारभूत अन्तरगत कक्षा १-५ मा कार्यन्वयन गरेको छ ।

## १.४ स्थानीय पाठ्यक्रम विकास तथा कार्यन्वयन प्रक्रिया

स्थानीय पाठ्यक्रम विकासका चरणहरू मुख्यतय क्रमशः स्थानीय आवश्यकता पहिचान तथा विषयवस्तु छनौट, उद्देश्य निर्धारण, कक्षागत सिकाई निर्धारण, सिकाइ सहजिकरण प्रकृया, मूल्याङकन र कार्यन्वयन हुन् । जुगल गाउँपालिकाले सोहि चरण अनुसार २०७४।११।०७ गते स्थानीय पाठ्यकम विकासका लागि शिक्षविदसहित स्थानीय सरोकारवालाहरूको सहभागितामा गाउँपालिका स्तरीय शैक्षिक सम्मेलन गऱ्यो । २०७५।०८।२२ गते पुन जुगल गाउँपालिका स्थानीय जनप्रतिनिधि, स्थानीय नीति निर्माता, स्थानीय शिक्षक, स्थानीय संघ सस्थाका प्रतिनिधि, स्थानीय बुद्धिजीवि, उद्योगी, व्यवसायिलगायत विभिन्न निकायका प्रतिनिधिहरूको उपस्थितिको कार्यशालाले अन्तरक्रियासहित आवश्यकता पहिचान र विषयवस्तु छनौट गऱ्यो । साथै पाठ्यक्रम निर्माणका ७ सदस्यीय मस्यौदा समिति गठन गऱ्यो । उक्त मस्यौदा समितिले शैक्षिक सत्र २०७६ बाट कक्षा १-५ मा लागु गर्ने योजनाका साथ स्थानीय अध्ययन अनुसन्धान गरी स्थानीय पाठ्यक्रमको खाका अनुसार मस्यौदा निर्माण गऱ्यो । मस्यौदा समितिले तयार गरेको मस्यौदालाई विज्ञ समूहद्वारा परिस्कृत साथै परिक्षण गरी यो पाठ्यक्रम तयार भएको हो ।

## भाग दुई

## हाम्रो जुगल

### १. परिचय

प्रस्तुत “हाम्रो जुगल” स्थानीय पाठ्क्रम आधारभूत तह अन्तरगत कक्षा १-५ का लागि तयार गरिएको स्थानीय पाठ्यक्रम हो । यसमा राष्ट्रिय पाठ्यक्रमले नसमेटिएका जुगल गाउँपालिका भित्र रहेका आय आर्जनका स्रोत र जुगलको संस्कृतिलाई समेटी स्थानीय विषयवस्तुहरू उल्लेख गरिएको छ । यस पाठ्यक्रममा भएका विषयवस्तुहरूले जुगल गाउँपालिका भित्र रहेका आय आर्जनका स्रोतहरू साथै जुगलको संस्कृति पहिचान गरी तिनीहरूको संरक्षण, संवर्धन र उपयोगको जानकारी दिनुका साथै विद्यार्थीहरूमा ज्ञान सिप र अभिवृत्ति गराउँछ ।

यस पाठ्यक्रममा जुगल गाउँपालिका भित्र प्रचलित कृषि व्यवसाय जसमा तरकारी खेती, पशुपालन, फलफूल खेती, घरेलु सामान, जडिबुटी र पर्यटनलाई मूख्य आय आर्जनको रुपमा समेटिएका छन् । कृषिमा मौसमी र बेमौसमी तरकारी खेती साथै आलुखेतीको व्यवसायिक सम्भावनालाई दृष्टिगत गरी जोड दिईएको छ । पशुपालनमा स्थानीय र उन्नत जातका बाख्रा कुखुरा, भेडा च्याङ्ग्रा, गाई भैंसी पालन समेटिएको छ । स्थानीय स्रोत र साधनको प्रयोग गरी घरेलु सामग्रीको विकास गर्न सकिने साथै आय आर्जनका लागि व्यवसायिक सम्भावना रहेकाले बाँस निगालो, काठका घरेलु सामग्रीलाई जोड दिइएको छ । यसै गरी यहाँको प्रचलित फलफूल खेती, जडिबुटी र पर्यटन व्यवसायलाई उल्लेख गरिएको छ ।

जुगल गाउँपालिकाको धार्मिक, ऐतिहासिक, भौगोलिक हिसाबले आफ्नै विशेषता रहेको छ । तामाङ शेर्पा जातीको बाहुल्यता रहेको यस गाउँपालिकामा नेवार, ब्राह्मण क्षेत्री लगाएत अन्य जात जातीको बसोबास रहेको छ । यहाँ बसोबास गर्ने मानिसहरूको जात जातीअनुसार आ-आफ्नै धर्म, संस्कृति, भेषभुषा, रहनसहन, चाडपर्व र धार्मिक स्थलहरू छन् जुन जुगल गाउँपालिकाको साँस्कृतिक सम्पदा हुन् । यस गाउँपालिका भित्रको सांस्कृतिक प्रवर्धन हुनु भनेको जुगल गाउँपालिकाको सांस्कृतिक विकास हुनु हो । आफ्नो घर परिवार समाज र गाउँपालिकाको संस्कृति प्रर्वधन गर्नुपर्छ भन्ने ज्ञान, सिप र प्रवृति गाउँपालिका भित्रका हरेक नागरिकमा हुनु पर्दछ । यस गाउँपालिकाले हाम्रो संस्कृति पाठ्यक्रममा समावेश गरी यस सम्बन्धि बाल मस्तिष्कदेखि नै ज्ञान, सिप र प्रवृतिको विकास गर्नुपर्छ जुन कुरा केन्द्रिय पाठ्यक्रमले समेटेको छैन । त्यसकारण यहाँको मौलिक संस्कृतिलाई बढी आवश्यक महसुस गरी यस स्थानीय पाठ्यक्रममा समेटिएको छ ।

यस पाठ्यक्रममा तहगत र कक्षागत उद्देश्यहरूलाई स्पष्ट किटान गरिएको छ । यसमा विद्यार्थीको रुचि क्षमतालाई दृष्टिगत गरी क्षेत्र क्रम मिलाइएको छ । सैद्धान्तिक पक्षलाई भन्दा व्यवहारिक पक्षलाई आत्मासाथ गरी बाल केन्द्रित प्रयोगात्मक शिक्षण विधिलाई जोड दिँदै शिक्षण सिकाई सामग्री र क्रियाकलाप निर्धारण गरिएको छ । निरन्तर मूल्याङ्कन प्रणालीका माध्यमबाट विद्यार्थी सिकाई सक्षमताको मापन गरिने छ ।

### २. तहगत सक्षमता

**यस विषयमा आधारभूत तह (कक्षा १-५) को अन्त्यमा निम्न लिखित सक्षमता हासिल हुने छन् :**

१. आय आर्जनका विभिन्न स्रोतहरूको सामान्य जानकारी लिन र यसको आवश्यकता, महत्वको बोध गरी प्रयोग गर्न,

२. स्थनीय स्तरमा पाइने तरकारीको सामान्य जानकारी लिई प्रयोग गर्न,

३.. पशु पन्छीको अवलोकन गरी जानकारी लिन,

४. फलफूलको पहिचान, आवश्यकता र प्रयोग गर्न

५. घरेलु उत्पादित वस्तुको अवलोकन, पहिचान, आवश्यकता, संरक्षण, भण्डारण, व्यवस्थापन र प्रयोग गर्न,

६. पर्यटनको परिचय दिई अतिथिको सत्कार गर्न,

७. जडिबुटी सम्बन्धि सामान्य जानकारी लिई प्रयोग गर्न,

८. स्थानीय भेषभुषाको पहिचान, अवस्था अध्ययन, प्रवर्धन र प्रयोग गर्न,

९. स्थानीय चाडपर्वहरूको अध्ययन गरी सहभागिता जनाउन,

१०. स्थानीय धार्मिक स्थलहरूको अवलोकन गरी उपयोग गर्न,

११. स्थानीय प्राकृतिक सम्पदाको जानकारी लिई अवस्था अध्ययन गर्न

## ३. विषयवस्तु, पूर्णाङ्क र पाठ्यभार

| विषय क्षेत्र | कक्षा १ | | कक्षा २ | | कक्षा ३ | | कक्षा ४ | | कक्षा ५ | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुर्णाङ्क | पा.घ. | पुर्णाङ्क | पा.घ. | पुर्णाङ्क | पा.घ. | पुर्णाङ्क | पा.घ. | पुर्णाङ्क | पा.घ. |
| हाम्रो आय आर्जन | - | - | - | - | - | - | - | - | - | - |
| तरकारी | ३३ | ५७ | ३३ | ५७ | ३३ | ५७ | २६ | ३२ | २६ | ३२ |
| पशु पन्छी | १५ | १८ | १५ | १८ | १५ | १८ | ९ | ११ | ९ | ११ |
| फलफूल | १५ | १८ | १५ | १८ | १५ | १८ | ९ | ११ | ९ | ११ |
| घरेलु सामान | २२ | ३७ | २२ | ३७ | २२ | ३७ | १६ | २१ | १६ | २७ |
| पर्यटन | - | - | - | - | - | - | ११ | १८ | ११ | १८ |
| जडिबुटी | - | - | - | - | - | - | ९ | १३ | ९ | १३ |
| हाम्रो संस्कृति | - | - | - | - | - | - | - | - | - | - |
| भेष भुसा | ४ | ८ | ४ | ८ | ४ | ८ | ४ | ४ | ४ | ४ |
| चाड पर्व | ६ | १२ | ६ | १२ | ६ | १२ | ४ | ५ | ४ | ५ |
| धार्मिक स्थल | ५ | १० | ५ | १० | ५ | १० | ५ | ४ | ५ | ४ |
| प्राकृतिक | - | - | - | - | - | - | ७ | ९ | ७ | ९ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| सम्पदा | | | | | | | | | | |
| जम्मा | १०० | १६० | १०० | १६० | १०० | १६० | १०० | १२८ | १०० | १२८ |

४. विषय वस्तुको क्षेत्र तथा क्रम तालिका (Scope and sequence)

| क्षेत्र | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ |
|---|---|---|---|---|---|
| हाम्रो आय आर्जन : तरकारी खेती | हामीले खाने तरकारीको नाम र सामान्य बर्गीकरण, लहरामा फल्ने तरकारीहरूको नाम र आलुको परिचय | स्थानीय जातका तरकारीको सामान्य परिचय र खाइने भागको आधारमा वर्गीकरण, लहरामा कोसा लागेर र कोसा नलागी दाना फल्ने तरकारीको परिचय, आलुका परिकार | मौसमी र बेमौसमी तरकारीहरूको परिचय र तरकारी खेतीमा प्रयोग हुने औजारहरू, लहरे तरकारीहरूको संरक्षण,आलुको उपयोगिता | विभिन्न मौसमा रोपिने तरकारी, तरकारीबारीमा मलजल, गोडमेल, संरक्षण, आलु खेती गर्ने तरिका | तरकारीको महत्व र फाइदा, तरकारीमा लाग्ने रोग र उपचार, भण्डारण र बिक्री बितरण, आलु खेतीको संरक्षण, आलु भण्डारण, बिक्री बितरण |
| पशु पन्छी पालन व्यावसाय | घर पालुवा पशु पन्छीको परिचय | पशु पन्छीको वर्गीकरण ( उपयोगको आधारमा ) | पशु पन्छीबाट हुने उत्पादन र तिनको प्रयोग | पशुपालन व्यवसायका लागि चाहिने पूर्वाधारहरू | पशु पन्छी र तिनको उत्पादनको बिक्री बितरण र बजार व्यवस्था । |
| फलफूल खेती | आफ्नो वरपर पाइने फलफूल र तिनको स्वादका आधारमा सामान्य वर्गीकरण | स्थानीय जातका फलफूलको परिचय र बोटको आधारमा वर्गीकरण | विभिन्न मौसमअनुसारका फलफूलहरू, फलफूलबाट बन्ने परिकार | फलफूलको मलजल गोडमेल काँटछाँट र संरक्षण | फलफूलमा लाग्ने रोग उपचार र फलफूलको भण्डारण एवम् बिक्री वितरण । |
| घरेलु सामान | आफ्नो गाउँघरमा वनेका सामग्रीको परिचय, निगालोबाट बन्ने सामग्री | उपयोगको आधारमा घरेलु सामानको वर्गीकरण, निगालोबाट बन्ने सामग्रीको प्रयोग | स्थानीय घरेलु सामानको उपयोगिता एवम् महत्व, निगालोको आकार, प्रकार र पाइने स्थान पहिचान गर्न महत्व | घरेलु सामान निर्माण गर्न आवश्यक स्रोत पहिचान गर्न, निगालोको सामाग्री निर्माण गर्ने तरिका, प्रयोग गर्दा हुने फाइदा, | घरेलु सामानको उपयोगिता, निर्माण गर्ने तरिका, बजार पहिचान, निगालोबाट बन्ने सामग्रीको बजार व्यवस्था |
| पर्यटन | - | - | - | पर्यटनको परिचय, प्रकार, पर्यावरणीय पर्यटन साँस्कृतिक पर्यटन | पर्यटनको महत्व, पर्यटन प्रवर्धनमा स्थानीय तरिका, जस्तै अतिथि सत्कार |
| जडिबुटी | - | - | - | जडिबुटीको परिचय, स्थानीय स्तरमा पाइने जडिबुटीको पहिचान | जडिबुटीको महत्व, संरक्षण सम्वर्धन र बजार |

| क्षेत्र | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ |
|---|---|---|---|---|---|
| हाम्रो संस्कृति : भेषभुषा | आफ्नो परिवारका सदस्यहरूले लगाउने पोसाक पहिचान | टोल छिमेकका मानिसहरूले लगाउने पोसाक पहिचान | जुगल गाउँपालिका भरिका मानिसले लगाउने पोसाक पहिचान | जुगल गाउँपालिकाका मानिसले विशेष गरी मेला पर्वमा लगाउने पोसाक पहिचान | आफ्नो गाउँपालिका भित्रका मानिसले लगाउने विशेष पोसाकको महत्व र संरक्षण |
| चाड पर्व | आफ्नो परिवारले बर्षभरि मनाउने चाडपर्वको पहिचान | आफ्नो परिवारले चाड पर्वमा खाइने परिकार पहिचान | आफ्नो परिवारमा कुन कुन चाड कसरी मनाइन्छ पहिचान | जुगल गाउँपालिका भरिका मानिसले मनाउने चाड पर्व पहिचान | आफ्नो गाउँपालिका भित्र मनाइने चाड पर्वको महत्व, संरक्षण |
| धार्मिक स्थल | आफ्नो गाउँ टोलमा भएका धार्मिक स्थल पहिचान | आफ्नो वडाभरि भएका धार्मिक स्थल पहिचान | जुगल गाउँपालिका भरि रहेका धार्मिक स्थल पहिचा गर्न | जुगल गाउँपालिका भरि रहेका धार्मिक स्थलमा मेला लाग्ने दिन र मेलामा हुने धार्मिक क्रियाकलाप पहिचान | जुगल गाउँपालिका भित्र रहेका धार्मिक स्थलहरूको महत्व, संरक्षण |
| प्राकृतिक सम्पदा | | | - | जुगल गाउँपालिका भित्र रहेका प्राकृतिक सम्पदाको पहिचान | जुगल गाउँपालिका भित्र रहेका प्राकृतिक सम्पदाले पुऱ्याएका पाइदा र संरक्षण गर्ने तरिका |

५. विषय वस्तुको सिकाइ उपलब्धी तथा विस्तृतिकरण (सिकाइ उपलब्धि तथा विषयवस्तुको विस्तृतिकरण)

## कक्षा - १

हाम्रो आय आर्जन

| क्षेत्र | सिकाइ उपलब्धि | विषयबस्तु विस्तृतिकरण | शिक्षण सिकाइ क्रियाकलाप | संभावित मुल्याङ्कन | पाठ्यघण्टा |
|---|---|---|---|---|---|
| १ तरकारी खेती | हामीले खाने तरकारीको नाम बताउन । | हामीले खाने तरकारी : आलु, मुला, स्कुस, रायो, फर्सी, निउरो, तामा, बोडी, पिँडालु, सिस्नो, च्याऊ, काउली, बन्दा, गोलभेडा आदि । | • विद्यार्थीको पूर्वअनुभव जोड्दै उनीहरूको करेसाबारीमा भएका र उनीहरूले खाने गरेका तरकारीको नाम छलफल गरी भन्न लगाउने,<br>• चित्र देखाई अन्य तरकारीको नाम भन्न लगाउने ।<br>• नजिकैको करेसाबारीमा अवलोकन गराउने र छलफल प्रश्नोत्तर गराउने ।<br>• तरकारीका चित्रहरूमा रङ भर्न लगाउने । | तिम्रो करेसाबारीमा कुन कुन तरकारी पाइन्छ ? तिमीलाई मन पर्ने तरकारी के हो ? आदि अवलोकन गरेका कुरालाई रुजु सूची बनाई मूल्याङ्कन गर्ने | १८ |
| | तरकारीलाई माटोमाथि र माटोमुनिको भाग खाइने आधारमा वर्गीकरण गर्न । | स्थानीय स्तरमा पाइने तरकारीलाई माटोमाथि र माटोमुनिको भाग खाइने आधारमा वर्गीकरण : जस्तै माटोमाथिको भाग खाइने रायो, निउरो फर्सी, बोडी, सिमी माटोमुनिको भाग खाइने आलु, मुला, पिँडालु तरुल आदि | • विभिन्न प्रकारका तरकारीका चित्र, नमुना, वास्तविक तरकारी प्रदर्शन गर्दै माटोमाथि र माटोमुनि फल्ने तरकारी वर्गीकरण गर्न लगाउने ।<br>• नजिकमा रहेको तरकारीबारीको अवलोकन गराउने ।<br>• तरकारी सम्बन्धित चित्रकथा, गीतको माध्यमबाट वर्गीकरण गर्ने ।<br>• विभिन्न प्रकारका तरकारीहरूको रङ अनुसार चित्रमा रङ भर्न लगाउने ।<br>• छामेर चाखेर तरकारी पहिचान गराई वर्गीकरण गराउने । | • विधिन्न प्रकारका वास्तविक तरकारी र चित्र पत्तीको समूहबाट छुट्याउन लगाई वर्गीकरण गराउने<br>• तरकारीहरूको चित्र देखाई पहिचान गर्न लगाउने । | १३ |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयबस्तु विस्तृतिकरण | शिक्षण सिकाइ कियाकलाप | संभावित मुल्याङ्कन | पाठ्यघण्टा |
|---|---|---|---|---|---|
| | स्थानीय स्तरमा लहरामा फल्ने तरकारीहरूको नाम बताउन | स्थानीय स्तरमा लहरामा फल्ने तरकारीहरू: जस्तै स्कुस, सिमी, बोडी, फर्सी, करेला आदि । | • विभिन्न प्रकारका तरकारीका चित्र, नमुना, वास्तविक तरकारी प्रदर्शन गर्दै लहरामा फल्ने तरकारी वर्गीकरण गर्न लगाउने ।<br>• नजिकमा रहेको लहरामा फल्ने करेसाबारी एवम् तरकारीबारीको अवलोकन गराउने ।<br>• तरकारी सम्बन्धित चित्रकथा, गीतको माध्यमबाट वर्गीकरण गर्ने ।<br>• विभिन्न प्रकारका तरकारीहरूको रङ अनुसार चित्रमा रङ भर्न लगाउने ।<br>• छामेर चाखेर चाखेर लहरामा फल्ने तरकारी पहिचान गराई वर्गीकरण गराउने । | • विभिन्न प्रकारका वास्तविक तरकारी र चित्र पत्तीको समूहबाट छुट्याउन लगाई वर्गीकरण गराउने<br>• तरकारीहरूको चित्र देखाई पहिचान गर्न लगाउने | १३ |
| | आलुको परिचय र आकार रङको आधारमा सामान्य वर्गीकरण गर्न | स्थानीय स्तरमा पाइने आलु, रातो सेतो निलो आकारको आधारमा गोलो र लाम्चो | • स्थानीय विभिन्न आकार र रङका आलु सङ्कलन गर्ने र प्रदर्शन छलफल प्रश्नोत्तर गरी आलुको पहिचान र सामान्य वर्गीकरण गराउने ।<br>• नजिक रहेको आलुखेती अवलोकन गराई छलफल प्रश्नोत्तर गराउने । | तिमीलाई आलुको तरकारी कस्तो लाग्छ ?<br>आलु कुन कुन रङका हुन्छन् ?<br>आलु कस्ता कस्ता आकारका हुन्छन् जस्ता प्रश्न गरी मूल्याङ्कन गर्ने । | १३ |
| पशु पन्छी पालन | स्थानीय स्तरमा पाइने घर पालुवा र जङ्गली पशु पन्छीको परिचय दिन । | स्थानीय स्तरमा पाइने घरपालुवा र जङ्गली पशु पन्छी: गाई, भैसी, भेडा, बाखा, कुखुरा, हाँस, चौरी, बाघ, भालु, मृग, कालिज खरायो आदि | • स्थानीय स्तरमा पाइने विभिन्न घर पालुवा, जङगली जनावर र पन्छीको चित्र प्रदर्शन गरी घर पालुवा पशु पन्छीको पहिचान छलफल, प्रश्नोत्तरबाट गराउने ।<br>• पशु पन्छीका रङ्, अङ्ग प्रत्यङ्ग, उचाई, मोटाईका आधारमा पहिचान गराउने<br>• आफ्नो घरमा पालिएका पशु पन्छीको छलफल गरी नाम भन्न लगाउने । | आफ्नो घरमा पालिएका र जङ्गली पशु पन्छीको नाम सोधी मूल्याङकन गर्ने । | १८ |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयबस्तु विस्तृतिकरण | शिक्षण सिकाइ कियाकलाप | संभावित मुल्याङ्कन | पाठ्यघण्टा |
|---|---|---|---|---|---|
| | | | • गोठ, खर्क, डेरी, खोर एवम् स्थानीय उपलब्धताको आधारमा अवलोकन गराउने । | | |
| आफ्नो घर वरपरकाप फलफूल | आफ्नो घर वरपर पाइने फलफूलको नाम बताउन, र त्यसको स्वादका आधारमा सामान्य वर्गीकरण गर्न | आफ्नो घर वरपर पाइने फलफूल जस्तै : केरा, आँप,कागती, आल्चा, काफल, स्याऊ, सुन्तला, आरू, नासपाती, ज्यामिर, भोगटे, कटहर, ऐंसेलु, अमला चुत्रो आदि | • चित्र प्रदर्शन गर्दै आफ्नो घर वरपर पाइने विभिन्न फलफूलको नाम भन्न लगाउने ।<br>• आ-आफ्नो बगैचामा भएको फलफूलको छलफल गरी नाम बताउन लगाउने ।<br>• पूर्व अनुभवको आधारमा साथै पूर्व अनुमान गर्दै फलफूलका स्वादसँग सम्बन्धित भई छलफल र प्रश्नोत्तर गर्ने ।<br>• नजिकैको फलफूल बगैंचाको अवलोकन गराई छलफल प्रश्नोत्तोर गर्ने ।<br>• फलफूलका नमुना प्रस्तुत गरी फलफूल चाख्न लगाउने र स्वादका आधारमा सामान्य बर्गीकरण गराउने । | विभिन्न प्रकारका फलफूलका चित्र पत्ती अर्थात वास्तविक फलफूल देखाई स्वादका आधारमा वर्गीकरण गराई मूल्याङ्कन गर्ने । | १८ |
| घरेलु सामान | स्यानीय स्तरमा बनेका घरेलु सामान एवं स्थानीय प्रविधिको नाम बताउन । | स्यानीय स्तरमा बनेका घरेलु सामान : जस्तै गुन्द्री, मान्द्रो, कोदालो, कोदाली, हँसिया, ठेकी, मदानी, ढिकी, जाँतो, हतासो,आदि | • स्थानीय स्तरमा बनेका एवं स्थानीय प्रविधिका विभिन्न सामग्रीहरूको चित्र प्रदर्शन, छलफल, प्रश्नोत्तर गरी पहिचान गराउने ।<br>• घरेलु सामानको नमुना सङ्कलन गरी , छलफल, प्रश्नोत्तर गरी पहिचान गराउने ।<br>• कथा, गीतको माध्यमबाट स्थानीय सामग्रीको पहिचान गराउने । | घरमा प्रयोग भएका स्थानीय घरेलु सामानको नाम सोधी मूल्याङ्कन गर्ने । | १८ |
| | निगालोको पहिचान गरी निगालोबाट बन्ने सामग्रीको नाम बताउन । | निगालोबाट बन्ने सामग्रीहरू : जस्तै डोको, डालो, नाङलो, मुढा,फ्रेम आदि | • निगालोका झाँङ अवलोकन गराउने र छलफल प्रश्नोत्तर गराउने ।<br>• विद्यार्थीका घरमा निगालोबाट बनेका सामग्री के के छन् छलफल प्रश्नोत्तर गर्ने ।<br>• निगालोबाट बनेका सामग्रीरू नमुना सङ्कलन गरी छलफल प्रश्नोउत्तोर गराउने | तिम्रो घरमा मान्द्रो छ ? मान्द्रो के बाट बनेको हो ? डोको डालो के बाट बनेको हो ? जस्ता प्रश्न गर्ने । | १७ |

हाम्रो संस्कृति

| क्षेत्र | सिकाइ उपलब्धि | विषयबस्तु विस्तृतिकरण | शिक्षण सिकाइ क्रियाकलाप | संभावित मुल्याङ्कन | पाठ्यघण्टा |
|---|---|---|---|---|---|
| भेषभुषा | आफ्नो परिवारका सदस्यहरूले लगाउने पोसाक पहिचान गर्न | परिवारका सदस्यहरू : आमा, बुबा, दाइ, दिदी, आफूले लगाउने पोसाक | • विभिन्न प्रकारका पोसाकका चित्र देखाएर नाम भन्न लगाउने ।<br>• हजुरबा, हजुरआमा,आमा, बुबा,दाइ, दिदीले कुन कपडा लगाउनु हुन्छ चित्रबाट पहिचान गर्न लगाउने ।<br>• स्थानीय स्तरमा लगाइने नमूना पोसाक अवलोकन गराई कसले कुन कपडा लगाउनुहुन्छ पहिचान गराउने । | • प्रश्नोत्तर<br>• प्रश्नोत्तर र छलफल<br>• प्रदर्शन | ८ |
| चाड पर्व | आफ्नो परिवारमा बर्ष भरी मनाउने चाडपर्वको पहिचान गर्न | आफ्नो परिवारले मनाउने चाड पर्वहरू | • आफ्नो परिवारले मनाउने चाड पर्वहरू विद्यार्थी पूर्व अनुभवको आधारमा छलफल प्रश्नोत्तर गर्ने जस्तै : तिमीले कुन कुन चाड पर्व मनाउँछौ ? तिमीलाई चाड पर्व कस्तो लाग्छ ?<br>• विभिन्न चाड पर्वको चित्र देखाउने र छलफल गर्ने साथै आफूले मनाउने चाड पहिचान गराउने । | • चाड पर्व सम्बन्धी प्रश्नोत्तर गरेर । | १२ |
| धार्मिक स्थल | आफ्नो गाउँ टोलमा भएका धार्मिक स्थल पहिचान गर्न | स्थानीय स्थलमा रहेका धार्मिक स्थल : मठ, मन्दिर चैत्य, गुम्बा, चर्च | • धार्मिक स्थलको चित्र चार्ट प्रदर्शन गर्ने छलफल प्रश्नोत्तर गर्ने ।<br>• विद्यालयबाट नजिकको धार्मिक स्थल अवलोकन गराउने ।<br>• आफ्नो गाउँ टोलमा मठ, मन्दिर, चैत्य, गुम्बा, के छ भन्न लगाउने ।<br>• मठ, मन्दिर, चैत्य, गुम्बाको चित्रमा रङ भर्न लगाउने । | • धार्मिक स्थलको नाम भन्न लगाएर मूल्याङ्कन गर्ने । | १० |

# कक्षा - २

हाम्रो आय आर्जन

| क्षेत्र | सिकाइ उपलब्धि | विषयबस्तु विस्तृतिकरण | शिक्षण सिकाइ कियाकलाप | संभावित मुल्याङ्कन | पाठ्यघण्टा |
|---|---|---|---|---|---|
| तरकारी | स्थानीय जातका तरकारीको सामान्य परिचय बताउन | स्थानीय जातका तरकारी : आलु, मुला, स्कुस, रायो, फर्सी, निउरो, तामा, बोडी, पिँडालु, सिस्नो, च्याउ, काउली, बन्दा, गोलभेडा आदि | • स्थानीय स्तरमा पाइने तरकारीहरू हरिया सागपातहरूको चित्र प्रदर्शन, नमुना तरकारी प्रदर्शन एवम् तरकारी बारीको अवलोकन, छलफल,प्रश्नोत्तरबाट तरकारीहरूको परिचय गराउने । | तिमीले दैनिक खाने तरकारी के के हुन् ? | १८ |
| | तरकारीहरूलाई खाइने भागको आधारमा वर्गीकरण | स्थानीय स्तरमा पाइने तरकारीहरूलाई खाइने भागको आधारमा वर्गीकरण : पात, काण्ड, जरा, फल,फूल र गेडागुडी | • विभिन्न तरकारीका चित्र, नमुना, वास्तविक तरकारीहरू प्रदर्शन गर्दै खाइने भागका आधारमा वर्गीकरण गर्न लगाउने ।<br>• नजिकमा रहेको तरकारी बारीमा अवलोकन गराउने ।<br>• तरकारी सम्बन्धी चित्रकथा गीतबाट बर्गीकरण गर्न लगाउने ।<br>• विभिन्न प्रकारका तरकारीहरूका चित्रहरू बनाई रङ भर्न लगाउने | विभिन्न प्रकारका तरकारीहरूको चित्र पत्ती तथा वास्तविक तरकारीहरू सङ्कलन गरी समूह छुट्याउन लगाउने । तरकारीहरूको चित्र देखाई खाइने भागका आधारमा पहिचान गर्न लगाउने । विद्यार्थीहरूले गरेका कार्यहरू अवलोकन गरी मूल्याङ्कन गर्ने । | १३ |
| | लहरामा कोसा लागेर र कोसा नलागी दाना फल्ने तरकारीको वर्गीकरण | स्थानीय स्तरमा कोसा लागेर फल्ने तरकारी : सिमी, बोडी,<br>कोसा नलागी दाना फल्ने तरकारी: फर्सी, करेला, घिरौंला, चिचिन्डा आदि | • विभिन्न तरकारीका चित्र, नमुना, वास्तविक तरकारीहरू प्रदर्शन गर्दै, कोसा लागेर र कोसा नलागी फल्ने तरकारी वर्गीकरण गर्न लगाउने ।<br>• नजिकमा रहेको तरकारी बारीमा अवलोकन गराउने । | विभिन्न प्रकारका तरकारीहरूको चित्र पत्ती तथा वास्तविक तरकारीहरू सङ्कलन गरी कोसा लागेर र कोसा नलागी फल्ने तरकारी समूह छुट्याउन लगाउने । तरकारीहरूको चित्र देखाई | १३ |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयबस्तु विस्तृतिकरण | शिक्षण सिकाइ कियाकलाप | संभावित मुल्याङ्कन | पाठ्यघण्टा |
|---|---|---|---|---|---|
| | | | ● तरकारी सम्बन्धी चित्रकथा गीतबाट वर्गीकरण गर्न लगाउने ।<br>● विभिन्न प्रकारका तरकारीहरूका चित्रहरू बनाई रङ भर्न लगाउन । | पहिचान गर्न लगाउने ।<br>विद्यार्थीहरूले गरेका कार्यहरू अवलोकन गरी मूल्याङ्कन गर्ने । | |
| | | | | | |
| | आलुका परिकार बताउन | स्थानीय स्तरमा पकाइने परिकार आलुको तरकारी, अचार, समोसा, परौठा चिप्स | ● आफूले खाएका परिकारहरूको नाम बताउन लगाउने<br>● आलुका परिकारका चित्र एवम् वास्तविक परिकार प्रदर्शन गरी छलफल प्रश्नोत्तर गर्ने ।<br>● सम्भवभए सम्म आलुका परिकार बनाएर खुवाउने | तिमीले आलुका कुन कुन परिकार खाएका छौ ?<br>तिमीलाई मन पर्ने आलुको परिकार के हो ? जस्ता प्रश्न गर्ने । | १३ |
| पशु पन्छी पालन व्यवसाय | स्थननीय स्तरमा पाइने घर पालुवा र जङ्गली पशु पन्छीको वर्गीकरण (उपयोगको आधारमा ) | स्थननीय स्तरमा पाइने घर पालुवा र जङ्गली पशु पन्छीको दुध, मासु, फुल, ऊन, हाड, छाला प्राप्त हुने आधारमा पशु पन्छीको वर्गीकरण । | ● दुध, मासु, फुल, ऊन, हाड छाला प्राप्त हुने स्थानीय स्तरमा र जङ्गली पशु पन्छीको चित्र प्रदर्शन गर्ने छलफल प्रश्नोत्तर गरी वर्गीकरण गराउने ।<br>● स्थलगत गोठ, खर्क, खोरमा प्रत्येक्ष अवलोकन गराउने र अनुभवका आधारमा छलफल प्रश्नोत्तर गर्ने । | विद्यार्थीले गरेका कार्यका आधारमा विभिन्न प्रश्न गरी मूल्याङ्कन गर्ने । | १८ |
| फलफूल खेती | स्थानीय जातका फलफूलको परिचय र बोटको आधारमा वर्गीकरण गर्न | स्थानीय जातका विभिन्न फलफूल :केरा, स्याउ, सुन्तला, अम्बा, हलुवाबेद, आल्चा, ऐँसेलु, कापल, कागती, आँप स्याऊ, कटहर, ज्यामिर, चुत्रो, नासपाती, भोगटे आदिको परिचय, | ● चित्र प्रदर्शन, स्थलगत भ्रमण र वास्तविक फलफूल प्रदर्शन, अवलोकन, छलफल र प्रनोत्तरका माध्यमबाट विभिन्न प्रकारका फलफूलको परिचय गराउने ।<br>● विभिन्न प्रकारका फलफूलको पात सङ्कलन गर्न लगाई फलफूलको वर्गीकरण गर्दै प्रदर्शन गर्न लगाउने । | गोजी तालिकामा विभिन्न फलफूलका चित्रपत्ती राखी वर्गीकरण गर्न लगाई मूल्याङ्कन गर्ने ।<br>विभिन्न फलफूलका पात सङ्कलन र वर्गीकरण गरेका आधारमा मूल्याङ्कन गर्ने । | १८ |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयबस्तु विस्तृतिकरण | शिक्षण सिकाइ कियाकलाप | संभावित मुल्याङ्कन | पाठ्यघण्टा |
|---|---|---|---|---|---|
| | | फलफूलका बोटका आधारमा वर्गीकरण :रुख, बुट्यान लहरा | | | |
| घरेलु सामान | उपयोगको आधारमा घरेलु सामानको वर्गीकरण गर्न, | उपयोगको आधारमा स्थानीय सामग्रीको वर्गीकरण : गुन्द्री-ओछ्याउन, हँसिया- घाँस काट्न, घुम-पानी पर्दा ओढ्न, हलो - जोत्न, आदि मकै पिस्न-घट्ट, धान कुट्न ढिकी | • विभिन्न स्थानीय सामग्रीहरूको चित्र एवम् बास्तविक स्थानीय सामग्री प्रदर्शन, अवलोकन गराउने र के कामका लागि के सामग्री उपयोग गर्न सकिन्छ छलफल प्रश्नोत्तर गराउने ।<br>• चित्रकथा र गीतका माध्यमबाट सामान र कामको वर्गीकरण गराउने ।<br>• अनुभवका आधारमा छलफल प्रश्नोत्तर गराउने | स्थानीय घरेलु सामानको चित्रपत्ती र शब्द पत्ती जोडा मिलाउन लगाएर मूल्याङ्कन गर्ने ।<br>प्रश्नोउत्तर गर्ने । | १८ |
| | निगालोबाट बन्ने सामग्रीको प्रयोग बताउन | उपयोगको आधारमा स्थानीय सामग्रीको वर्गीकरण : मान्द्रो-भकारी, डोको-घाँस दाउरा बोक्न, डालो-सामान राख्न,च्याक-सामान राख्न आदि | • निगालोबाट बनेका विभिन्न स्थानीय सामग्रीहरूको चित्र एवम् बास्तविक स्थानीय सामग्री प्रदर्शन, अवलोकन गराउने र के कामका लागि के सामग्री उपयोग गर्न सकिन्छ छलफल प्रश्नोत्तर गराउने ।<br>• चित्रकथा र गीतका माध्यमबाट सामान र कामको वर्गीकरण गराउने ।<br>• अनुभवका आधारमा छलफल प्रश्नोत्तर गराउने | निगालोबाट बनेका स्थानीय घरेलु सामानको चित्रपत्ती र शब्द पत्ती जोडा मिलाउन लगाएर मूल्याङ्कन गर्ने ।<br>प्रश्नोउत्तर गर्ने । | १७ |

हाम्रो संस्कृति

| क्षेत्र | सिकाइ उपलब्धि | विषयबस्तु विस्तृतिकरण | शिक्षण सिकाइ कियाकलाप | संभावित मुल्याङ्कन | पाठ्यघण्टा |
|---|---|---|---|---|---|
| भेषभुषा | आफ्नो टोल छिमेकका मानिसहरूले लगाउने पोसाक पहिचान गर्न | आफ्नो टोल छिमेकका मानिसहरूले लगाउने पोसाहरू | • विभिन्न प्रकारका पोसाकहरू भएको चित्र चार्ट प्रदर्शन गरी छलफल र प्रश्नोत्तर गर्ने ।<br>• विद्यार्थीहरूलाई टोल छिमेकका मानिसहरूले के कस्ता पोसाक लगाउँछन् टोल छिमेकमा नै गई सोधखोज गरी सूची बनाउन प्रोजेक्ट तयार गर्ने | • विषय वस्तुसँग सम्बन्धित प्रश्नोत्तर गर्ने, छलफल, प्रश्नोत्तर, परियोजना कार्यमा विद्यार्थी सकृयता, सहभागितालाई अवलोकन | ८ |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयबस्तु विस्तृतिकरण | शिक्षण सिकाइ कियाकलाप | संभावित मुल्याङ्कन | पाठ्यघण्टा |
|---|---|---|---|---|---|
| | | | र प्रयोग गर्ने ।<br>● आफू र आफ्नो परिवारले लगाएका पोसाकसँग छिमेछिले लगाएका पोसाक तुलना गराउने । | गरी मूल्याङ्कन गर्ने । | |
| चाड पर्व | आफ्नो परिवारमा मनाइने चाड पर्वको पहिचान गर्न | आफ्नो चाड पर्वमा खाइने खानाका परिकारहरूको आधारमा चाड पर्वको पहिचान । | ● परिकारका चित्रचार्ट प्रदर्शन गर्दै आफ्नो परिवारले विभिन्न चाड पर्वमा खाने परिकारहरू के के हुन छलफल प्रश्नोत्तर गर्ने ।<br>● फरक फरक चाड पर्वमा खाइने फरक फरक खानेकुराको सूची निर्माण गराउने ।<br>● किन फरक फरक चाडपर्वमा फरक फरक परिकार खाइन्छ छलफल गर्ने | ● विषय वस्तुसँग सम्बन्धित भइ प्रश्नोत्तर गर्ने । | १२ |
| धार्मिक स्थल | आफ्नो वडा भरि भएका धार्मिक स्थल पहिचान र्गा | आफ्नो वडा भरि भएका धार्मिक स्थलहरू | ● विभिन्न धार्मिक स्थलहरूको चित्र चार्ट प्रदर्शन गरी आफू बसेको वडा भित्र कुन कुन धार्मिक स्थल छन् छलफल प्रश्नोत्तर गर्ने ।<br>● आफ्नो वडाका वडाध्यक्षलाई आमन्त्रण गर्ने र वडा भित्र रहेका धार्मिक स्थालहरूको अवस्था छलफल प्रश्नोत्तर गरी जानकारी लिने ।<br>● विद्यार्थीलाई स्थलगत भ्रमण गराई वडाभित्रका धार्मिक स्थल पहिचान गराउने । | ● विषय वस्तुसँग सम्बन्धित प्रश्नोत्तर गर्ने, छलफल, प्रश्नोत्तर, परियोजना कार्यमा विद्यार्थीी सकृयता, सहभागितालाई अवलोकन गरी मूल्याङ्कन गर्ने । | १० |

# कक्षा - ३

हाम्रो आय आर्जन

| क्षेत्र | सिकाइ उपलब्धि | विषयबस्तु विस्तृतिकरण | शिक्षण सिकाइ कियाकलाप | संभावित मुल्याङ्कन | पाठ्यघण्टा |
|---|---|---|---|---|---|
| तरकारी | मौसमी र बेमौसमी तरकारीहरूको परिचय दिन | हिउँदे तरकारी : बन्दा, काउली, रायो, मुला, आदि । बर्षे तरकारी : फर्सी, बोडी, करेला, घिरौंलो लौका, च्याऊ, काउली, गोलभेडा, आदि र बेमौसमी तरकारीको परिचय र महत्व । | • विभिन्न मौसममा पाइने तरकारीहरूको चित्र, वास्तविक तरकारीहरूको नमुना सङ्कलन गरी प्रदर्शन, छलफल र प्रश्नोत्तर गर्ने ।<br>• मौसमअनुसारका तरकारी पूर्व अनुभवका आधारमा छलफल गर्ने ।<br>• विद्यालयमा करेसाबारी व्यवस्थापन गरी मौसमअनुसारको तरकारी खेती गर्न सहभागी गराउने ।<br>• स्थानीय वेमौसमी तरकारीको बारेमा छलफल गराउने ।<br>• स्थानीय बेमौसमी तरकारी बारीको अवलोकन गराउने । | • आफ्नो घर करेसाबारीमा हुने हिउँदे र बर्षे तरकारीको सूची निर्माण गर्न लगाउने ।<br>• स्थानीय तरकारीहरू कुन कुन महिनामा पाइन्छ भनि क्यालेण्डरमा देखाउन लगाउने ।<br>• अवलोकन फारम प्रयोग गरी विद्यर्थीको सहभागिता, सक्रियता को आधारमा मूल्याङ्कन गर्ने र कार्यसञ्चयिका अभिलेख राख्ने । | १८ |
| | तरकारी खेतीमा प्रयोग हुने औजारहरू बताउन । | स्थानीय तरकारी खेतीमा प्रयोग हुने औजारहरू : हलो, लिड्को, डल्लेठो कोदालो, कोदाली, कुटो, हँसिया, झारी आदि | • स्थानीयस्तरमा तरकारी खेतीमा प्रयोग हुने चित्र वा वास्तविक औजारहरूको नमुना सङ्कलन गरी प्रदर्शन, छलफल, प्रश्नोउत्तर गर्दै औजारहरूको परिचय गराउने ।<br>• कुन साधनको प्रयोग के मा गरिन्छ समूहमा छलफल गराई भन्न लगाउने ।<br>• स्थानीय खेत वा बारीमा काम गरिरहेको ठाउँमा लगी कुन साधनले कसरी काम | • विषयवस्तुसँग सम्बन्धित भएर प्रश्नोउत्तर गर्ने जस्तै : तरकारी खेतीमा प्रयोग हुने औजारहरूको सूची बनाऊ ।<br>• छलफल र अवलोकनका कुराहरूलाई श्रेणी मापन गरी मूल्याङ्कन गर्ने । | १३ |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयबस्तु विस्तृतिकरण | शिक्षण सिकाइ कियाकलाप | संभावित मुल्याङ्कन | पाठ्यघण्टा |
|---|---|---|---|---|---|
| | | | गरिन्छ अवलोकन गराउने । | | |
| | लहरे तरकारीहरूको संरक्षण संरक्षण गर्ने तरिका बताउन | स्थानीय स्तरमा पाइने लहरे तरकारीहरू: फर्सी, करेला, घिरौंला, बोडी, काँक्रा आदि संरक्षण गर्ने तरिका : थाक्रा, टाँढ, | ● लहरे तरकारीहरूको चित्र पोष्टर प्रदर्शन गरी यिनीहरू कसरी हुर्कँदै बढ्दैछन् छलफल गर्ने,<br>● स्थानीयस्तरका लहरे तरकारी बारीको स्थलगत भ्रमण गराई तिनीहरू बढ्ने तरिका अवलोकन गराउने र थाक्रा टाँढ नहुँदा लहरा र फलमा पर्ने असर स्पष्ट पार्ने ।<br>● पूर्व अनुभवका आधारमा छलफल गराउने जस्तै तिम्रो करेसाबारीमा रोपिएको लहरे तरकारीलाई कसरी संरक्षण गरिएको छ ? आदि<br>● विद्यालयको करेसाबारी निर्माण गरी लहरे तरकारी लगाउन र संरक्षण गर्न सहभागी गराउने । | ● लहरे तरकारीलाई थाक्रो किन चाहिन्छ ? लहरे तरकारीलाई थाक्रो नदिँदा के असर पर्छ ? जस्ता प्रश्न गरी मूल्याङ्कन गर्ने ।<br>● अवलोकन फारम प्रयोग गरी विद्यर्थीको सहभागिता, सक्रियता को आधारमा मूल्याङ्कन गर्ने र कार्यसञ्चयिका अभिलेख राख्ने । | १३ |
| | आलुको तरकारीको उपयोगिता बताउन | आलुको उपयोगिता : शुद्ध उसिनेर खान मिल्ने, धेरै भन्दा धेरै तरकारीसँग मिसाएर पकाउँदा तरकारी स्वादिष्ट हुने, आदि | ● पूर्व अनुभवको आधारमा छलफल गर्ने,जस्तै तिम्रो घरमा आलु कुन कुन तरकारीसँग मिलाएर पकाउने गरिएको छ ? आलु मिलाएर र नमिलाई पकाएको तरकारीमा के फरक हुन्छ आदि ।<br>● विद्यार्थीलाई नजिकको होटलमा अवलोकन गराई होटल मालिकसँग आलुको परिकार बनाउने र उपयोगिताका विषयमा छलफल गराउने । | ● विषय वस्तुसँग सम्बन्धित भएर प्रश्नोत्तर गर्ने जस्तै कुन कुन तरकारीसँग आलु मिसाए पकाउँदा तरकारी स्वदिष्ट हुन्छ ? | १३ |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयबस्तु विस्तृतिकरण | शिक्षण सिकाइ कियाकलाप | संभावित मुल्याङ्कन | पाठ्यघण्टा |
|---|---|---|---|---|---|
| पशु पन्छी पालन व्यावसाय | पशु पन्छीबाट हुने उत्पादन र तिनको प्रयोग | स्थानीय पशु पन्छीबाट हुने उत्पादन जस्तै : दुध, दही, घिउ, पनिर, खुवा, भुवा, छाला र तिनको प्रयोग | • स्थानीय पशु पन्छीबाट हुने उत्पादन र त्यसको उपयोगको बारेमा चित्र प्रदर्शन गर्दै छलफल गराउने ।<br>• छाला ऊन कुन कुन जनावरबाट प्राप्त गर्न सकिन्छ ? छाला र ऊनको उपयोगितासमेत छलफल गर्ने । | • विषय वस्तुसँग सम्बन्धित विभिन्न प्रश्न सोधी मूल्याङ्कन गर्ने र विद्यार्थीले गरेका छलफलको रुजुसूची बनाई मूल्याङ्कन गर्ने | १८ |
| फलफूल खेती | विभिन्न मौसम अनुसारको फलफूलहरू पहिचान गरी फलफूलबाट बन्ने परिकारको बारेमा बताउन | स्थानीय जातका विभिन्न फलफूल :केरा, स्याउ, सुत्ला, अम्बा, हलुवाबेद, आल्चा, ऐँसेलु, कापल, कागती, आँप आदि फलफूलबाट बन्ने परिकारहरू जाम, जेली, जुस, सुकुटी,माडा, चुक अमिलो, चिउरीको घिउ आदि | • चित्र प्रदर्शन गर्दै स्थानीय क्षेत्रमा मौसम अनुसार पाइने फलफूलको बारेमा छलफल गर्ने ।<br>• विद्यालय वरपर पाइने विभिन्न फलफूलका बोटहरू अवलोकन गराउने ।<br>• स्थानीय जानकार व्यक्तिलाई आमन्त्रण गरी फलफूलबाट बन्ने परिकार देखाई छलफल गराउने । | • विषय वस्तुसँग सम्बन्धित प्रश्नोत्तर गरी विद्यार्थी मूल्याङ्कन गर्ने जस्तै : तिम्रो घर वरिपरि कुन कुन फलफूल छन् ? तिमीले कुन फलफूल बाट बनेको के परिकार खाएका छौ ?<br>• विद्यार्थीले गरेका अवलोकन छलफल कार्यलाई रुजुसूचीमार्फत मूल्याङ्कन गर्ने । | १८ |
| घरेलु सामान | स्थानीय घरेलु सामाग्रीी उपयोगिता एवम् महत्व बताउन । | उपयोगिता एवम् महत्व :स्थानीय स्रोत सामग्रीको उपयोग सामानहरूलाई सुरक्षित राख्न, व्यवस्थित गर्न, आदि | • स्थानीय घरेलु सामानको चित्र एवम् नमुना प्रदर्शन गर्दै ती सामाग्री हुँदा र प्रयोग गर्दा नगर्दा हुने फाइदा बेफाइदाको छलफल गर्ने ।<br>• पूर्व अनुभवको आधारमा घरेलु सामानको उपयोग छलफल गराउने ।<br>• घरेलु सामान नहुँदा के के समस्या हुन सक्छ ? पूर्व अनुमान गर्न लगाउने ।<br>• विद्यालयबाट नजिकको समुदायमा लगी घरेलु सामान उपयोग गरेको अवलोकन | • घरेलु सामानहरू फाइदा भन्न र सूची तयार गर्न लगाउने । | १८ |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयबस्तु विस्तृतिकरण | शिक्षण सिकाइ कियाकलाप | संभावित मुल्याङ्कन | पाठ्यघण्टा |
|---|---|---|---|---|---|
| | | | गराउने । | | |
| | निगालोको आकार, प्रकार र पाइने स्थान पहिचान गर्न र महत्व बताउन | निगालोको आकार प्रकार :गोलो, अग्लो होचो, मोटो झिनो, कलिलो छिप्पेको,<br>पाइने स्थान : खेतबारीको कान्ला, पाखा, खोल्साका भित्ता<br>महत्व : माटोको संरक्षण, हावा शुद्धिकरण, घरेलु सामान निर्माण, आम्दानीको स्रोत | • विद्यार्थीहरूलाई विद्यालय नजिक रहेको निगालाको झ्याङ् अवलोकन गराउने र विषय वस्तुसँग सम्बन्धित प्रश्नोत्तर छलफल गराउने ।<br>• निगालोले माटोको संरक्षण, हावा शुद्धिकरण कसरी गर्छ छलफल गराउने ।<br>• निगालोबाट के कस्ता सामग्री बनाउन सकिन्छ र कसरी आम्दानी स्रोत बन्न सक्छ छलफल गर्ने | • निगालोको प्रयोगबाट हुने फाइदाहरूको सूची तयार गर्न लगाउने ।<br>• विद्यार्थीले गरेका अवलोकन छलफल कार्यलाई रुजुसूचीमार्फत मूल्याङ्कन गर्ने । | १७ |

हाम्रो संस्कृति

| क्षेत्र | सिकाइ उपलब्धि | विषयबस्तु विस्तृतिकरण | शिक्षण सिकाइ कियाकलाप | संभावित मुल्याङ्कन | पाठ्यघण्टा |
|---|---|---|---|---|---|
| भेषभुषा | जुगल गाउँपालिका भरिका मानिसले लगाउने पोसाक पहिचान | जुगल गाउँपालिका मानिसहरूले लगाउने पोसाहरू | • विभिन्न प्रकारका पोसाकहरू भएको चित्र चार्ट प्रदर्शन गरी छलफल र प्रश्नोत्तर गर्ने ।<br>• विद्यार्थीहरूलाई आफ्नो आफ्नो संस्कृति अनुसार जुगल गाउँपालिका भरिका मानिसहरूले के कस्ता पोसाक लगाउँछन्  कुनै मेलामा नै गई सोधखोज गरी सूची बनाउन परियोजना तयार गर्ने र प्रयोग गर्ने ।<br>• आफू र आफ्नो परिवारले लगाएका पोसाकसँग जुगल गाउँपालिका भरिका | • विषय वस्तुसँग सम्बन्धित प्रश्नोत्तर गर्ने, छलफल, प्रश्नोत्तर, परियोजना कार्यमा विद्यार्थी सकृयता, सहभागितालाई अवलोकन गरी मूल्याङ्कन गर्ने । | ८ |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयबस्तु विस्तृतिकरण | शिक्षण सिकाइ कियाकलाप | संभावित मुल्याङ्कन | पाठ्यघण्टा |
|---|---|---|---|---|---|
| | | | मानिसले लगाएका पोसाक तुलना गराउने । | | |
| चाड पर्व | आफ्नो परिवारमा कुन कुन चाड कसरी मनाइन्छ पहिचान | आफ्नो चाड पर्वमा गरिने धार्मिक क्रियाकलापहरू | • धार्मिक क्रियाकलाप सम्बन्धित चित्रचार्ट प्रदर्शन गर्दै आफ्नो परिवारले विभिन्न चाड पर्वमा कस्ता कस्ता धार्मिक क्रियाकलाप गर्छन् छलफल प्रश्नोत्तर गर्ने ।<br>• फरक फरक चाड पर्वमा गरिने फरक फरक क्रियाकलापकको सूची निर्माण गराउने ।<br>• किन फरक फरक चाडपर्वमा फरक फरक धार्मिक क्रियाकलाप गरिन्छ छलफल गर्ने | • विषय वस्तुसँग सम्बन्धित भइ प्रश्नोत्तर गर्ने । | १२ |
| धार्मिक स्थल | जुगल गाउँपालिका भरि रहेका धार्मिक स्थल पहिचान गर्न | जुगल गाउँपालिका भरि भएका धार्मिक स्थलहरू | • विभिन्न धार्मिक स्थलहरूको चित्र चार्ट प्रदर्शन गरी आफू बसेको वडा भित्र कुन कुन धार्मिक स्थल छन् छलफल प्रश्नोत्तर गर्ने ।<br>• सम्बन्धित विषयमा जान्ने बुझ्ने व्यक्तिलाई आमन्त्रण गर्ने र गाउँपालिका भित्र रहेका धार्मिक स्थालहरूको अवस्था छलफल प्रश्नोत्तर गरी जानकारी लिने ।<br>• विद्यार्थीलाई स्थलगत भ्रमण गराई गाउँपालिकाको धार्मिक स्थल पहिचान गराउने । | • विषय वस्तुसँग सम्बन्धित प्रश्नोत्तर गर्ने, छलफल, प्रश्नोत्तर, परियोजना कार्यमा विद्यार्थीको सकृयता, सहभागितालाई अवलोकन गरी मूल्याङ्कन गर्ने । | १० |

# कक्षा - ४

हाम्रो आय आर्जन

| क्षेत्र | सिकाइ उपलब्धि | विषयबस्तु विस्तृतिकरण | शिक्षण सिकाइ कियाकलाप | संभावित मुल्याङ्कन | पाठ्यघण्टा |
|---|---|---|---|---|---|
| तरकारी | विभिन्न महिनामा रोपिने तरकारी, | स्थानीय स्तरमा विभिन्न मौसममा क्करोपिने तरकारीहरूको पहिचान, तरकारी बालीका लागि आवस्यक मलजल, गोडमेल, र संरक्षण । | ● कुन महिनामा कुन कुन तरकारी रोपिन्छ विद्यार्थीका पूर्वअनुभवका आधारमा छलफल गर्ने साथै पूर्व अनुमान गराउने ।<br>● विभिन्न तरकारीका बिउ सङ्कलन गर्ने, विद्यालयको हातामा तरकारी बारी व्यवस्थापन गर्ने र विद्यार्थीहरूको सहभागितामा तरकारी रोप्ने, विद्यार्थीहरूलाई दिनहुँ जसो अवलोकन गराई बिउ र बोटमा आएको परिवर्तको सूची बनाउन लगाउने । फरक मौसममा फरक तरकारी रोप्ता हुने नकारात्मक असर छलफल अवलोकन गरी र आवस्यक मौसममा आवस्यक तरकारी रोप्दा हुने सकारात्मक असर पत्ता लगाउन सहजिकरण गर्ने । | ● प्रायः कुन महिनामा कुन कुन तरकारी रोपिन्छ सूची निर्माण गराउने ।<br>● विद्यार्थीले गरेका अवलोकन छलफल, कार्यलाई रुजुसूचीमार्फत मूल्याङ्कन गर्ने ।<br>● अवलोकन फारम प्रयोग गरी विद्यर्थीको सहभागिता, सक्रियता को आधारमा मूल्याङ्कन गर्ने र कार्यसञ्चयिका अभिलेख राख्ने । | ९ |
| | तरकारीबारीमा मलजल, गोडमेल, संरक्षण, | तरकारीमा मलजल : आवश्यकता हेरी कम्पोष्ट मलको प्रयोग र सिँचाई, तरकारीबालीको झारपात उखलेर खनेर गोडमेल, बार बारेर, थाक्रा दिएर संरक्षण । | ● विद्यार्थीहरूले तरकारी बालीमा मल र सिँचाई गरेको, देखेको, सुनेको पूर्व अनुभवको आधारमा छलफल गर्ने र तरकारी बालीमा मलजल र गोडमेल गर्नुको आवश्यकता, फाइदा पत्ता लगाउने ।<br>● विद्यालयको करेसाबारीको तरकारीलाई | ● विषय वस्तुसँग सम्बन्धित प्रश्नोत्तर गर्ने,<br>● अवलोकन फारम प्रयोग गरी विद्यर्थीको सहभागिता, सक्रियता को आधारमा मूल्याङ्कन गर्ने र कार्यसञ्चयिका अभिलेख राख्ने | ९ |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयबस्तु विस्तृतिकरण | शिक्षण सिकाइ क्रियाकलाप | संभावित मुल्याङ्कन | पाठ्यघण्टा |
|---|---|---|---|---|---|
| | | | गोडमेल, मलजल, बारबार्न, छहारी दिन, थाक्रा लगाउन विद्यार्थीलाई सहभागी गराउने र साथसाथै तरकारी बारी संरक्षण गर्नुको कारण, संरक्षण गर्दा नगर्दाको असर पत्ता लगाउने । | । | |
| | आलु खेती गर्ने तरिका बताउन र प्रयोग गर्न । | आलु खेती गर्ने तरिका : जोतखन, आलुको बिउ तयारी, मलजल, गोडमेल | • विद्यार्थीी पूर्व अनुभव साथै पूर्व अनुमानका आधारमा आलु खेती गर्ने तरिका छलफल, प्रश्नोत्तर गर्ने ।<br>• स्थानीय स्तरका आलु खेती विशषज्ञलाई स्रोत व्यक्तिको रुपमा आमन्त्रण गर्ने र आलु खेतीको जानकारी गराउने ।<br>• विद्यालयबाट नजिक स्थानमा विद्यार्थी लगी<br>• आलु खेती गर्दै गरेको अवलोकन गराउने र कृषकसँग आलु खेती गर्ने तरिका छलफल गर्ने ।<br>• विद्यालयले विद्यालयकै नजिक आलुखेतीका लागि आवस्यक जग्गा व्यपस्थापन गर्ने र विद्यार्थीहरूको सहभागितामा आलुखेती गर्ने । विद्यार्थीहरूलाई  दिन दिन गरेका कार्यहरूको सूची बनाउन लगाउने | • आलु खेती सम्बन्धित प्रश्नोत्तर गर्ने,<br>• अवलोकन फारम प्रयोग गरी विद्यर्थीको सहभागिता, सक्रियता को आधारमा मूल्याङ्कन गर्ने र कार्यसञ्चयिका अभिलेख राख्ने । | १४ |
| पशु पन्छी पालन | स्थानीय स्तरमा पशुपालन व्यवसायका लागि चाहिने पूर्वाधारहरू पहिचान गर्न । | स्थानीय स्तरमा पशुपालन व्यवसायका लागि चाहिने पूर्वाधारहरू जस्तै हावापानी, चरण, घाँस, गोठ खोर आदि | • पशु पन्छीलाई स्वस्थसँग हुर्काउन बढाउन के के आवश्यकता पर्छ पूर्व अनुभवका आधारमा समूहबीच छलफल गराउने ।<br>• घाँस, चरिचरण खर्क, गोठ, खोर र त्यस स्थानको हावापानी  अवलोकन, छलफल, प्रश्नोत्तर गराउने । | • विषयवस्तुसँग सम्बन्धित रहेर प्रश्नोत्तर गर्ने,<br>• अवलोकन फारम प्रयोग गरी विद्यर्थीको सहभागिता, सक्रियता को आधारमा मूल्याङ्कन गर्ने र कार्यसञ्चयिका अभिलेख राख्ने | ११ |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयबस्तु विस्तृतिकरण | शिक्षण सिकाइ कियाकलाप | संभावित मुल्याङ्कन | पाठ्यघण्टा |
|---|---|---|---|---|---|
| | | | • उपयुक्त हावापानीमा उपयुक्त पशु पन्छी पालन गर्दा हुने पाइदा छलफल गराउने ।<br>• पशु पन्छी पालनका लागि आवश्यक स्रोत साधानको उपलब्धता र व्यवस्थापन गर्ने तरिका छलफल गराउने । | । | |
| फलफूल | स्थानीय स्तरमा हुने फलफूलको मलजल गोडमेल काँटछाँट र संरक्षण गर्ने कार्यमा सङ्लग्न हुन । | फलफूलका बोटहरूलाई चाहिने आवश्यक मलहरू, फलपूलका बोटहरू काँटछाट गर्ने तरिका, संरक्षण र गोडमेल | • स्थानीय फलफूल व्यवसायी एवम् फलफूल विशेषज्ञलाई स्रोत व्यक्तिका रुपमा बोलाउने र छलफल गराउने, विद्यार्थीहरूलाई फलफूल बगैंचा अवलोकन गराई गोडमेल साथै संरक्षण गर्न सहभागी गराउने ।<br>• तरकारी बालीमा सिंचाईको आवश्यकता छलफल गरी आवश्यकताअनुसार सिंचाई हुँदा र नहुँदाको असर पत्ता लगाउने ।<br>• कम्पोष्ट मल बनाउने परम्परागत र नयाँ प्रविधिसँग सम्बन्धित रहि छलफल अवलोकन गराई तरकारी बालीमा कम्पोष्ट मलको उपयोगिता प्रष्ट बनाई प्रयोगात्मक रुपमा प्रयोग गर्ने तरिका सिकाउने ।<br>• चित्र, कथा गीतका माध्यमबाट फलफूलको फाइदा र संरक्षण गर्ने तरिका प्रष्ट पार्ने । | • विषयवस्तुसँग सम्बन्धित रहेर प्रश्नोत्तर गर्ने,अवलोकन फारम प्रयोग गरी विद्यर्थीको सहभागिता, सक्रियताको आधारमा मूल्याङ्कन गर्ने र कार्यसञ्चयिका अभिलेख राख्ने । | ११ |
| घरेलु सामान | घरेलु सामान निर्माण गर्न आवश्यक स्रोत पहिचान | स्थानीय स्तरमा घरेलु सामग्री निर्माण गर्न आवस्यक कच्चा पदार्थ : पराल, छ्वाली, काठ, माटो, बाँस, फलाम आदि | • स्थानीय घरेलु सामग्री कुन कुन कच्चा पदार्थबाट के के बन्छ पूर्वअनुभवका आधारमा, छलफल, प्रश्नोत्तर गर्ने ।<br>• संभव भएसम्म परालबाट गुन्द्री, | • कुन कच्चा पदार्थबाट कुन घरेलु सामान बन्छ सूची निर्माण गर्न लगाउने ।<br>• अवलोकन गर्दा सहभागिता र | ११ |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयबस्तु विस्तृतिकरण | शिक्षण सिकाइ कियाकलाप | संभावित मुल्याङ्कन | पाठ्यघण्टा |
|---|---|---|---|---|---|
| | | | छ्वालीबाट चकटी,काठबाट हालो, माटोबाट भाँडा, बाँसबाट डोको, फलामबाट औजार बनाएको प्रत्येक्ष अवलोकन भ्रमण, छलफल गराउने । | सक्रियताको आधारमा मूल्याङ्कन गर्ने । | |
| | निगालोको सामाग्री निर्माण गर्ने तरिका, प्रयोग गर्दा हुने फाइदा, | जुगल गाउँपालिकामा निगालो पाइने क्षेत्रहरूको जानकारी ।<br>निगालोबाट बनेका सामग्रीहरूको फाइदा : कम मूल्य, स्थानीय स्रोत सामग्रीको सदुयोग, आम्दानीको स्रोत, घरायसी सामानको उचित व्यवस्थापन, संरक्षण । | • निगालोबाट बनेका सामग्रीहरूको फाइदा पूर्वअनुभवका आधारमा छलफल प्रश्नोत्तर गर्ने ।<br>• स्थानीय अभिभावकसँग भेटभाट गराई निगालोबाट बनेका कुन कुन सामान के केका लागि प्रयोग गरिन्छ छलफल गराउने ।<br>• निगालोको सामग्री कसरी आम्दानीको स्रोत बन्न सक्छ छलफल प्रनोत्तर गर्ने । | • निगालो सामग्रीबाट हुने फाइदाहरूको सूची बनाउन लगाउने ।<br>• निगालोबाट बनेका कुन सामग्री कुन काममा प्रयोग गरिन्छ लेख्न भन्न लगाएर मूल्याङ्कन गर्ने । | १० |
| पर्यटन | पर्यटनको परिचय दिन, पर्यटन स्थलहरूको पहिचान गर्न | पर्यटनको परिचय : आन्तरीक एवम् बाह्य पाहुनाहरू पर्यावरणीय, साँस्कृतिक सम्पदा अवलोकन भ्रमणमा आउने काम,<br>पर्यटन स्थल : जुगल हिमाल, जुगल भित्र रहेका धार्मिक स्थल | • छलफलको माध्यमबाट पर्यटन र पर्यटक, आन्तरिक र बाह्य पर्यटकको परिभाषा प्रष्ट बनाउने ।<br>• विद्यार्थीलाई आन्तरिक पर्यटक बनाएर नजिकैको पर्यावरणीय, वा सांस्कृतिक स्थलको अवलोकन भ्रमण गराउने ।<br>• जुगल गाउँपालिका भित्र पर्यावरणीय र सांस्कृतिक पर्यटन स्थलहरू कहाँ कहाँ छन् छलफल गराउने । | • पर्यटन भनेको के हो ?<br>• पर्यटक भनेको के हो ?<br>• आन्तरिक र बाह्य पर्यटक भनेको के हो ? जस्ता प्रश्न गर्ने साथै जुगल गाउँपालिका भित्र रहेका पर्यटक स्थलहरूको सूची निर्माण गराई मूल्याङ्कन गर्ने । | १८ |
| जडिबुटी | जडिबुटीको परिचय दिन, स्थानीय स्तरमा पाइने जडिबुटीको पहिचान गर्न | जडिबुटीको परिचय : जुगल गाउँपालिकामा पाइने प्रमुख जडिबुटीहरू र शरीरमा बिसन्चो हुँदा रोग अनुसार औषधीको रुपमा प्रयोग | • पूर्वअनुभव अनुसार छलफलको माध्यमबाट जडिबुटीको परिचय गराउने ।<br>• स्थानीय स्तरमा पाइने जडिबुटीको नमुना प्रदर्शन गरी, छामेर, चाखेर, पहिचान गराउने । | • विषयवस्तुसँग सम्बन्धित प्रश्न गरी मूल्याङ्कन गर्ने । | १३ |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयबस्तु विस्तृतिकरण | शिक्षण सिकाइ कियाकलाप | संभावित मुल्याङ्कन | पाठ्यघण्टा |
|---|---|---|---|---|---|
| | | गरिने वनस्पति जस्तै, तुलसी, चिराइतो, पाँचऔंले, जटामसी, पद्मचाल, यार्सागुम्बा, घोडताप्रे, आदि | | | |

हाम्रो संस्कृति

| क्षेत्र | सिकाइ उपलब्धि | विषयबस्तु विस्तृतिकरण | शिक्षण सिकाइ कियाकलाप | संभावित मुल्याङ्कन | पाठ्यघण्टा |
|---|---|---|---|---|---|
| भेषभुषा | जुगल गाउँपालिकाका मानिसले विशेष गरी मेला पर्वमा लगाउने पोसाक पहिचान गर्न | जुगल गाउँपालिकाका मानिसले विशेष गरी मेला पर्वमा लगाउने पोसाहरू | • विभिन्न प्रकारका पोष्टरहरू भएको चित्र चार्ट प्रदर्शन गरी छलफल र प्रश्नोत्तर गर्ने ।<br>• विद्यार्थीहरूलाई आफ्नो आफ्नो संस्कृति अनुसार जुगल गाउँपालिका भरिका मानिसहरूले मेला पर्वहरूमा के कस्ता पोसाक लगाउँछन् कुनै मेलामा नै गई सोधखोज गरी सूची बनाउन परियोजना तयार गर्ने र प्रयोग गर्ने ।<br>• आफू र आफ्नो परिवारले मेला पर्वहरूमा लगाएका पोसाकसँग जुगल गाउँपालिका भरिका मानिसले मेला पर्वहरूमा लगाएका पोसाक तुलना गराउने । | • विषय वस्तुसँग सम्बन्धित प्रश्नोत्तर गर्ने, छलफल, प्रश्नोत्तर, परियोजना कार्यमा विद्यार्थीी सकृयता, सहभागितालाई अवलोकन गरी मूल्याङ्कन गर्ने । | ४ |
| चाड पर्व | जुगल गाउँपालिका भरिका मानिसले मनाउने चाड पर्व पहिचान गर्न | जुगल गाउँपालिका भरिका मानिसले मनाउने चाड पर्वहरू | • धार्मिक क्रियाकलाप सम्बन्धित चित्रचार्ट प्रदर्शन गर्दै जुगल गाउँपालिका भरिका मानिसहरूले विभिन्न चाड पर्वहरू कसरी मनाउने गर्छन् छलफल प्रश्नोत्तर गर्ने ।<br>• फरक फरक जात जातीका मानिसले मनाउने फरक फरक चाड पर्वको सूची निर्माण गराउने । | • विषय वस्तुसँग सम्बन्धित भइ प्रश्नोत्तर गर्ने । | ५ |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयबस्तु विस्तृतिकरण | शिक्षण सिकाइ क्रियाकलाप | संभावित मुल्याङ्कन | पाठ्यघण्टा |
|---|---|---|---|---|---|
| | | | ● किन फरक फरक जात जातीका मानिसले फरक फरक चाड पर्व मनाउने गरिन्छ छलफल गर्ने | | |
| धार्मिक स्थल | जुगल गाउँपालिका भरि रहेका धार्मिक स्थलमा मेला लाग्ने दिन र मेलामा हुने धार्मिक तथा अन्य क्रियाकलाप पहिचान गर्न | जुगल गाउँपालिका भरि रहेका धार्मिक स्थलमा मेला लाग्ने दिन र मेलामा हुने धार्मिक तथा अन्य क्रियाकलापहरू | ● विभिन्न धार्मिक स्थलहरूमा गरिने धार्मिक क्रियाकलापहरूको चित्र चार्ट प्रदर्शन गरी आफ्नो गाउँपालिका भित्र कुन कुन धार्मिक स्थलका मेला पर्वमा कस्ता कस्ता धार्मिक तथा अन्य क्रियाकलाप गरिन्छ छलफल प्रश्नोत्तर गर्ने ।<br>● सम्बन्धित विषयमा जान्ने बुझ्ने व्यक्तिलाई आमन्त्रण गर्ने र गाउँपालिका भित्र रहेका धार्मिक स्थालहरूको मेला पर्वमा गरिने धार्मिक तथा अन्य क्रियाकलाप सँग सम्बन्धित  छलफल प्रश्नोत्तर गरी जानकारी लिने ।<br>● विद्यार्थीलाई स्थलगत भ्रमण गराई गाउँपालिकाको धार्मिक स्थल पहिचान गराउने । | ● विषय वस्तुसँग सम्बन्धित प्रश्नोत्तर गर्ने, छलफल, प्रश्नोत्तर, परियोजना कार्यमा विद्यार्थीको सकृयता, सहभागितालाई अवलोकन गरी मूल्याङ्कन गर्ने । | ४ |
| प्राकृतिक सम्पदा | जुगल गाउँपालिका भित्र रहेका प्राकृतिक सम्पदाको पहिचान गर्न | जुगल गाउँपालिका भित्र रहेका प्राकृतिक सम्पदा : बन जङ्गल, नदिनाला, ताल, खर्क, , खानीहरू जुगल हिमाल आदि | ● प्राकृतिक सम्पदाहरूको चित्र चार्ट प्रदर्शन गरी छलफल र प्रश्नोत्तरको माध्यमबाट प्राकुतिक सम्पदाको परिचय र जुगल गा. पा भित्र रहेका प्राकृतिक सम्पदा पहिचान गराउने ।<br>● स्थानीय स्तरमा रहेका नदी तथा खोलाको छलफलबाट पहिचान गराउने, जस्तै ब्रम्हायणी नदी, बराम्चे खोला । | ● विषय वस्तुसँग सम्बन्धित प्रश्नोत्तर गर्ने, छलफल, प्रश्नोत्तर, परियोजना कार्यमा विद्यार्थीी सकृयता, सहभागितालाई अवलोकन गरी मूल्याङ्कन गर्ने । | ९ |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयबस्तु विस्तृतिकरण | शिक्षण सिकाइ कियाकलाप | संभावित मुल्याङ्कन | पाठ्यघण्टा |
|---|---|---|---|---|---|
| | | | • स्थानीय स्तरमा रहेका सरकारी, सामुदायि नीजि वनको, अवलोकन, छलफल गराउने<br>• छलफल प्रश्नोत्तर गरी स्थानीय स्तरमा रहेका खानीहरूको पहिचान गराउने ।<br>• विद्यालयबाट नजिक रहेका प्राकृतिक सम्पदाहरू अवलोकन गराउने । | | |

# कक्षा - ५

हाम्रो आय आर्जन

| क्षेत्र | सिकाइ उपलब्धि | विषयबस्तु विस्तृतिकरण | शिक्षण सिकाइ कियाकलाप | संभावित मुल्याङ्कन | पाठ्यघण्टा |
|---|---|---|---|---|---|
| तरकारी | स्थानीय तरकारीको महत्व र फाइदा पहिचान गरी प्रयोग गर्न । | स्थानीय तरकारीको महत्व र फाइदाः ताजा स्वस्थ तरकारी स्थानीय स्तरमा नै प्राप्त गर्नु, तरकारी खेतीबाट प्रशस्त आम्दानी गर्न सक्नु आदि | • समूह विभाजन, पूर्वअनुभवका आधारमा समूहमा छलफल, स्थानीय तरकारीको महत्व र फाइदाको छलफलबाट बुँदा टिपोट गरी प्रस्तुत गराउने ।<br>• नजिकको स्थानीय तरकारी बजार अवलोकन गराई उत्पादित तरकारीको बजार व्यवस्थापनसँग सम्बन्धित रहि छलफल प्रश्नोत्तर गर्ने । | • विषयवस्तुसँग सम्बन्धित प्रश्नोत्तर गरी मूल्याङ्कन गर्ने । | ९ |
| | स्थानीय तरकारीमा लाग्ने रोग र उपचार, भण्डारण र बिक्री बितरण गर्न । | स्थानीय तरकारीमा लाग्ने रोग : लाई, किरा, राते, गोवारो, जराकुहिने आदि घरेलु उपचार :जैविक औषधीको प्रयोग जस्तैः तितेपाती, असुरो, बनमारा,खिर्रोलाई कुहाएर पानीसँग मिसाई छर्ने, गाईको गोवर गहुँत कुहाएर मानीको मात्र मिलाई छर्ने । सुरक्षित ठाउँमा भण्डारण गर्ने, बजारको पहिचान गरी बिक्री बितरण गर्ने । | • नजिकको तरकारीबारीको अवलोकन गराई तरकारीबालीमा के रोग लागेको छ पहिचान गराउने ।<br>• तितेपाती, असुरो, बनमारा,खिर्रो विद्यार्थीलाई नै सङ्कलन गर्न लगनउने । गाई भैसीको गोवर गहुँत सहित मिलाएर एक हप्तासम्म ड्रममा राखी कुहाउने र त्यसलाई जैविक मल औषधीको रुपमा तरकारीमा छर्न सहभागी गराउने ।<br>• सुरक्षितसाथ भण्डारण गर्ने तरिका छलफल गर्ने र निष्कर्ष निकाल्ने ।<br>• घरमा प्रयोग भएर बढिभएको तरकारी बिक्री गर्न बजार पहिचानका लागि छलफल गर्ने र निष्कर्ष निकाल्ने । | • सम्बन्धित प्रश्नोत्तर गर्ने,<br>• अवलोकन फारम प्रयोग गरी विद्यर्थीको सहभागिता, सक्रियता को आधारमा मूल्याङ्कन गर्ने र कार्यसञ्चयिका अभिलेख राख्ने । | ९ |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयबस्तु विस्तृतिकरण | शिक्षण सिकाइ कियाकलाप | संभावित मुल्याङ्कन | पाठ्यघण्टा |
|---|---|---|---|---|---|
| | स्थानीय आलु खेतीको रोग पहिचान, उपचार र संरक्षण गर्न, आलु भण्डारण, बिक्री बितरण गर्न | रोग : डडुवा, लाई किरा, खुम्ले किरा,<br>उपचार : जैविक औषधीको प्रयोग<br>संरक्षण : घाम, पानी, मुसा र पुतलीबाट जोगाउने,<br>बिक्री वितरणका लागि बजार पहिचान । | • नजिकको आलुखेती अवलोकन गराई आलुमा लाग्ने रोग पहिचान गराउने ।<br>• प्रयोगात्मक तरिकाबाट जैविक औषधी बनाउन र छर्न सहभागी गराउने ।<br>• आलु भण्डारण गर्न कस्तो ठाउँ सुरक्षित हुन्छ छलफल गरी निष्कर्ष निकाल्ने ।<br>• बजार पहिचानका लागि छलफल गर्ने र निष्कर्ष निकाल्ने । | • विषय वस्तुसँग सम्बन्धित प्रश्न गर्ने । | १४ |
| पशु पन्छी पालन | स्थानीय स्तरमा पशु पन्छी र तिनको उत्पादनको बिक्री बितरण र बजार व्यवस्था बारेमा बताउन । | स्थानीय स्तरमा पशु पन्छी र तिनको उत्पादनको बिक्री बितरण र बजार व्यवस्थापन | • पूर्वअनुभवका आधारमा विद्यार्थी अभिभावकले घरमा पालिएका खसी बाखा, हाँस कुखुरा, बगुर आदि कहाँ लगेर बेच्नुहुन्छ छलफल गर्ने ।<br>• पशु पन्छी व्यावसायीलाई विद्यालयमा बोलाउने पशु पन्छी उत्पादनको बजार व्यवस्थापा प्रक्रिया सम्बन्धि आफ्ना अनुभव सुनाउन लगाउने साथै बजार अवलोकन गराउने ।<br>• बिद्यार्थीहरूलाई स्थानीय बजार अवलोकन गराउने र पशु पन्छी उत्पान प्रक्रिया जानकारी गराउने । | • सम्बन्धित विषय वस्तुमा रही प्रश्नोत्तर गर्ने र अवलोकन र छलफलमा सहभागिता र सकृयतालाई आधार बनाई मूल्याङ्कन गर्ने । | ११ |
| फलफूल | फलफूलमा लाग्ने रोग पहिचान गर्ने, उपचार गर्ने तरिका बताउन, फलफूलको भण्डारण एवम् बिक्री वितरण | जुगल गाउँपालिकामा उत्पादन हुने फलफूलहरू फलफूलमा लाग्ने रोगहरू, उपचार विधिहरू, फलफूलको सुरक्षित भण्डारण एवम् बिक्री वितरण गर्ने प्रक्रिया । | • पूर्व अनुभवको आधारमा फलफूलमा लाग्ने रोग उपचार विधि सुरक्षित भण्डारण र बजार व्यवस्थापन सम्बन्धमा छलफल गर्ने ।<br>• स्थानीय फलफूल व्यवसायी तथा विशेषज्ञलाई आमन्त्रण गरी फलफूलमा लाग्ने रोग उपचार विधि साथै फलफूल | • सम्बन्धित विषय वस्तुमा रही प्रश्नोत्तर गर्ने र अवलोकन र छलफलमा सहभागिता र सकृयतालाई आधार बनाई मूल्याङ्कन गर्ने । | ११ |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयबस्तु विस्तृतिकरण | शिक्षण सिकाइ कियाकलाप | संभावित मुल्याङ्कन | पाठ्यघण्टा |
|---|---|---|---|---|---|
| | प्रक्रिया बताउन । | | भण्डारण र बजार व्यवस्थापनका विषयमा जानकारी दिन लगाउने ।<br>● उत्पादित फलफूल सुरक्षित भण्डारण र बजार व्यवस्थापनको प्रक्रिया जानकारी गराउने । | | |
| घरेलु सामान | घरेलु सामानको उपयोगिता, निर्माण गर्ने तरिका, बजार पहिचान, | घरेलु सामानको उपयोगिता तथा महत्व, निर्माण गर्ने तरिकाहरू, बिक्री बितरणका लागि बजार व्यवस्थापन | ● बिद्यार्थीले घरमा प्रयोग गर्ने घरेलु सामानहरू के र कसरी प्रयोग हुन्छन्, ती सामान नहुँदा के हुन्छ उनीहरूको अनुभवको आधारमा छलफल गरी घरेलु सामानको उपयोगिता तथा महत्व प्रष्ट पार्ने ।<br>● घरेलु स्थानीय प्रविधिका सामान निर्माण स्थलमा अवलोकन गराई निर्माण प्रक्रिया जानकारी गराउने ।<br>● उत्पादित घरेलु सामान बिक्री वितरण प्रक्रिया के के हुन सक्छन् घरेलु सामान व्यवसायीलाई अनुभव सुनाउन लगाउने साथै स्थानीय बजार अवलोकन गराउने । | ● सम्बन्धित विषय वस्तुमा रही प्रश्नोत्तर गर्ने र अवलोकन र छलफलमा सहभागिता र सकृयतालाई आधार बनाई मूल्याङ्कन गर्ने । | ११ |
| | निगालोबाट उत्पादित सामग्रीको बजार व्यवस्था बारेमा बताउन । | निगालोबाट उत्पादित सामग्रीको बजार व्यवस्थापन प्रक्रिया | ● उत्पादित निगालोका सामान बिक्री वितरण कसरी हुन्छ पूर्वअनुभवको आधारमा छलफल गर्ने ।<br>● उत्पादित निगालोका सामान बिक्री वितरण प्रक्रिया के के हुन सक्छन् निगालो सामान व्यवसायीलाई अनुभव सुनाउन लगाउने र बजारको पहिचान गर्ने ।<br>● उत्पादित निगालोका सामान स्थानीय बजारमा कसरी बिक्री वितरण भएका छन् अवलोकन गराउने । | ● सम्बन्धित विषय वस्तुमा रही प्रश्नोत्तर गर्ने र अवलोकन र छलफलमा सहभागिता र सकृयतालाई आधार बनाई मूल्याङ्कन गर्ने । | १० |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयबस्तु विस्तृतिकरण | शिक्षण सिकाइ कियाकलाप | संभावित मुल्याङ्कन | पाठ्यघण्टा |
|---|---|---|---|---|---|
| पर्यटन | पर्यटनको महत्व, पर्यटन प्रवर्धनमा स्थानीय तरिका बताउन र सोहिअनुसार व्यवहार गर्न । | जुगलमा पर्यटनको महत्व, पर्यटन प्रवर्धनमा स्थानीय तरिका, जस्तै अतिथि सत्कार, पर्यावरणीय र सांस्कृतिक सम्पदाको सुरक्षा र विकास । | ● कुन कुन हिसावले जुगल गाउँपालिकामा पर्यटन व्यवसायको महत्व छ छलफल प्रश्नोत्तर गर्ने ।<br>● जुगल गाउँपालिकामा पर्यटन प्रर्वधन गर्न एवम् जुगलमा पर्यटकलाई आकर्षण गर्न हाम्रो भूमिका के के हुन सक्छ ? समूहगत छलफल गरी निष्कर्ष निकाल्ने ।<br>● पर्यटन व्यवसायिलाई आमन्त्रण गरी पर्यटन व्यवसाय र पर्यटन प्रवर्धनमा स्थानीयको भूमिका विषयमा अन्तरक्रिया गर्ने । | ● सम्बन्धित विषय वस्तुमा रही प्रश्नोत्तर गर्ने र अवलोकन र छलफलमा सहभागिता र सकृयतालाई आधार बनाई मूल्याङ्कन गर्ने । | १८ |
| जडिबुटी | जडिबुटीको महत्व बताउन, संरक्षण सम्वर्धन र बजार व्यवस्था गर्न | स्थानीय स्तरमा पाइने जडिबुटीको महत्व, , स्थानीय स्तरमा पाइने जडिबुटीको संरक्षण सम्वर्धन र बजार व्यवस्थान | ● जुगल गाउँपालिका भित्र पाइने जडिबुटीको महत्व समूह निर्माण गरी छलफल गराउने र निष्कर्ष निकाल्ने ।<br>● जडिबुटीको संरक्षण सम्वर्धन र बजार व्यवस्थान गर्न हाम्रो भूमिका के रहन्छ ? छलफल अन्तरक्रिया गरी निष्कर्ष निकाल्ने ।<br>● जडिबुटी विशेषज्ञलाई आमन्त्रण गरी स्थानीय स्तरमा पाइने जडिबुटीको महत्व, , स्थानीय स्तरमा पाइने जडिबुटीको संरक्षण सम्वर्धन र बजार व्यवस्थान विषयमा छलफल अन्तरक्रिया गर्ने । | ● सम्बन्धित विषय वस्तुमा रही प्रश्नोत्तर गर्ने र अवलोकन र छलफलमा सहभागिता र सकृयतालाई आधार बनाई मूल्याङ्कन गर्ने । | १३ |

हाम्रो संस्कृति

| क्षेत्र | सिकाइ उपलब्धि | विषयबस्तु विस्तृतिकरण | शिक्षण सिकाइ कियाकलाप | संभावित मुल्याङ्कन | पाठ्यघण्टा |
|---|---|---|---|---|---|
| भेषभुषा | आफ्नो गाउँपालिका भित्रका मानिसले लगाउने विशेष पोसाकको महत्व | आफ्नो गाउँपालिका भित्रका मानिसले लगाउने विशेष पोसाकको महत्व र संरक्षण | ● आफ्नो गाउँपालिका भित्रका मानिसले लगाउने विशेष पोसाकको नमुना सङ्कलन गर्ने र प्रदर्शन गर्ने ।<br>● बिद्यार्थीको समूह विभाजन गरी र गाउँपालिका | ● विषय वस्तुसँग सम्बन्धित प्रश्नोत्तर गर्ने, छलफल, प्रश्नोत्तर, परियोजना कार्यमा विद्यार्थीी सकृयता, | ४ |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयबस्तु विस्तृतिकरण | शिक्षण सिकाइ कियाकलाप | संभावित मुल्याङ्कन | पाठ्यघण्टा |
|---|---|---|---|---|---|
| | बताउन र संरक्षण गर्न । | | भित्रका मानिसहरूले लगाउने मौलिक पोसाकको महत्व र संरक्षण गर्ने उपायहरू छलफल गर्ने र निष्कर्ष निकाल्ने । | सहभागितालाई अवलोकन गरी मूल्याङ्कन गर्ने । | |
| चाडपर्व | आफ्नो गाउँपालिका भित्र मनाइने चाड पर्वको महत्व, संरक्षण गर्न । | आफ्नो गाउँपालिका भित्र मनाइने चाड पर्वको महत्व, संरक्षण | • विभिन्न चाड पर्वका चित्र पोष्टर प्रदर्शन गरी आफ्नो क्षेत्रमा मनाइने चाड पर्वको महत्व विद्यार्थीको पूर्व अनुभवका आधारमा छलफल गर्ने ।<br>• आफ्नो गाउँपालिका भित्र मनाइने चाड पर्वको संरक्षण गर्ने उपायहरू के हुन सक्छन् छलफलबाट निष्कर्ष निकाल्ने | • विषय वस्तुसँग सम्बन्धित भई प्रश्नोत्तर गर्ने । | ५ |
| धार्मिक स्थल | जुगल गाउँपालिका भित्र रहेका धार्मिक स्थलहरूको महत्व, संरक्षण गर्न । | जुगल गाउँपालिका भित्र रहेका धार्मिक स्थलहरूको महत्व, संरक्षण | • समूहगत छलफल गरी जुगल गाउँपालिका भित्र रहेका धार्मिक स्थलहरूको सूची निर्माण गर्ने ।<br>• आफ्नो क्षेत्रभित्र रहेका धार्मिक स्थलहरूले के महत्व राख्छ छलफल गर्ने र निष्कर्ष निकाल्ने ।<br>• आफ्नो क्षेत्रभित्र रहेका धार्मिक स्थलहरू कसरी संरक्षण गर्न सकिन्छ छलफल गर्ने र निष्कर्ष निकाल्ने । | • विषय वस्तुसँग सम्बन्धित प्रश्नोत्तर गर्ने, छलफल, प्रश्नोत्तर, परियोजना कार्यमा विद्यार्थीको सकृयता, सहभागितालाई अवलोकन गरी मूल्याङ्कन गर्ने । | ४ |
| प्राकृतिक सम्पदा | जुगल गाउँपालिका भित्र रहेका प्राकृतिक सम्पदाले पुऱ्याएका फाइदा र संरक्षण गर्ने तरिका बताउन र | जुगल गाउँपालिका भित्र रहेका प्राकृतिक सम्पदाले पुऱ्याएका फाइदा र संरक्षण गर्ने तरिका | • मानिसहरूले प्राकृतिक सम्पदा उपयोग गरेका चित्र चार्ट प्रदर्शन गरी छलफल र प्रश्नोत्तरबाट जुगलमा प्राकृतिक सम्पदाबाट पुगेको फाइदा र संरक्षण गर्ने उपाए प्रष्ट पार्ने ।<br>• स्थानीय स्तरका नदिबाट हुने फाइदाहरू जस्तै | • विषय वस्तुसँग सम्बन्धित प्रश्नोत्तर गर्ने, छलफल, प्रश्नोत्तर, परियोजना कार्यमा विद्यार्थीको सकृयता, सहभागितालाई अवलोकन गरी मूल्याङ्कन गर्ने । | ९ |

| क्षेत्र | सिकाइ उपलब्धि | विषयबस्तु विस्तृतिकरण | शिक्षण सिकाइ कियाकलाप | संभावित मुल्याङ्कन | पाठ्यघण्टा |
| --- | --- | --- | --- | --- | --- |
| | संरक्षण कार्यमा सहभागी हुन । | | : खानेपानी, जलविद्युत, सिंचाईको अवलोकन, छलफल, प्रश्नोत्तर सूचिकरण गराउने ।<br>● नजिकको वन जङ्गल अवलोकन गराई वन जङ्गलबाट हुने फाइदाहरू र संरक्षण गर्ने तरिका छलफल गर्ने ।<br>● स्थानीय स्तरमा रहेका खानीहरू अवलोकन गराई त्यसका फाइदाहरू र संरक्षण, सम्वर्धन, उपयोग गर्ने तरिका प्रश्नोत्तर छलफल गर्ने ।<br>● स्थलगत रुपमा प्राकृतिक सम्पदा संरक्षण कार्यमा सहभागी गराउने । | | |

## ५. शिक्षण सिकाइ क्रियाकलाप

स्यानीय विषयको शिक्षण सिकाइ गर्दा सकेसम्म कक्षाभित्र भन्दा विषयवस्तुसँग सम्बन्धित क्षेत्रमा गरिने क्रियाकलापमा जोड दिनुपर्दछ । यसका लागि स्थलगत अवलोकन, विषयवस्तुसँग सम्बन्धित कार्यमा सहभागिता, छलफल अन्तरक्रिया आदि गराउन सकिने छ । तरकारी, पशु पन्छी, फलफूल, घरेलु सामान, विषयसँग सम्बन्धित विज्ञ तथा व्यावसायीक संस्था/व्यक्तिसँग छलफल अन्तरक्रिया गराउन सकिने छ । यसै गरी अन्य विषयवस्तुका लागि पनि त्यस विषयवस्तुसँग सम्बन्धित व्यक्तिलाई स्रोत व्यक्तिका रूपमा उपयोग गर्न सकिन्छ । स्थानीय आवश्यकता र अनुकुलताअनुसार छलफल, स्थलगत अध्ययन भ्रमण, अवलोकन, प्रदर्शन, सहभागिता, प्रश्नोत्तर, स्रोत व्यक्ति आमन्त्रण आदि जस्ता क्रियाकलाप विधि प्रयोगमा ल्याउन सकिन्छ ।

प्राथमिक तहमा विद्यार्थीकेन्द्रित शिक्षण सिकाइ क्रियाकलापमा जोड दिइने छ । यस तहमा कक्षालाई जीवन्त बनाउन र विद्यार्थीलाई क्रियाशील बनाउन शिक्षकले सहजकर्ता -facilitator) को भूमिका निर्वाह गर्नुपर्ने छ । विद्यार्थीकेन्द्रित शिक्षणसिकाइ क्रियाकलापबाट सिकाइ प्रभावकारी हुने, बालबालिकाहरूले व्यावहारिक शिक्षा तथा जीवनोपयोगी सिप आर्जन गर्न सक्ने र उनीहरूमा रहेको प्रतिभा प्रस्फुटनको सम्भावना रहने भएकाले शिक्षणसिकाइ क्रियाकलाप सञ्चालन गर्दा विद्यार्थीकेन्द्रित र बालमैत्री शिक्षण विधि अपनाउनुपर्ने छ । सबै प्रकारका आवश्यकता भएका विद्यार्थीलाई समेट्न कक्षामा समावेशी शिक्षण प्रक्रिया अपनाउनुपर्ने छ ।

शिक्षण सिकाइ क्रियाकलाप संगसँगै यस स्थानीय पाठ्यक्रममा भएका सिकाइ उपलब्धि हासिल गराउन एवम् प्रत्येक्ष सक्षमता देखिने निम्न नियमित क्रियाकलाप संञ्चालन गर्न सकिने छ ।

- प्रत्येक विद्यालयले विद्यालयको हाता नजिक कक्षागत करेसाबारी निर्माण गरी नियमित तरकारी खेती सञ्चालन गर्ने ।
- प्रत्येक विद्यालयले विद्यालय वरिपरि रहेका खाली जग्गामा स्थानीय स्तरका फलफूलका विरुवा रोप्ने र संरक्षण गर्ने ।
- एउटा कक्षाकोठामा शिक्षक, विद्यार्थी र अभिभावकको सहभागितामा स्थानीय घरेलु प्रविधिका सामग्री, स्थानीय लोक संस्कृतिसँग सम्बन्धित सामग्री, भेषभूषा जस्ता सामग्रीको सङ्ग्राहलय स्थापना गरी संरक्षण गर्ने र विद्यार्थीको सिकाइ क्रियाकलापमा प्रयोग गर्ने ।
- जुगलको भूगोल, धार्मिक, सास्कृति, जातजाती जस्ता कुरा समेटी जुगलगान तयार गर्ने र शिक्षक विद्यार्थीहरूबाट नियमित गाउने ।
- आ-आफ्नो जातजाती, धर्म, परम्परा अनुसारका अभिवादन गर्ने तरिका संरक्षण गर्न हरेक दिन कक्षा सञ्चालनपूर्व र विद्यालय छुट्ने समयमा स्थानीय अविवादनलाई नियमित गर्ने ।

## ६. मूल्याङ्कन प्रक्रिया

स्यानिय पाठ्यक्मको मूल्याङ्कन अन्य केन्द्रिय पाठ्यक्रमले निर्देश गरेअनुसार नै गर्नुपर्छ । मूल्याङ्कनका सबै तरिका अवलम्बन गरिएता पनि शिक्षण सिकाइ क्रियाकलापकै क्रममा बाल बालिकाले गरेका क्रियाकलापको अवलोकन गरी निर्माणात्मक तथा निरन्तर मूल्याङ्कनमा जोड दिनु पर्दछ । प्रत्येक विद्यार्थी कार्य सञ्चयिका बनाई अभिलेख राख्नु पर्दछ । लिखित परीक्षालाई भन्दा निरन्तर मूल्याङ्कनलाई महत्व दिएर मूल्याङ्कन गर्नु पर्दछ । कक्षा १-३ मा १०० प्रतिशत निर्माणात्मक मूल्याङ्कन गरिने छ भने कक्षा ४-५ मा ५० प्रतिशत निर्माणात्मक र ५० प्रतिशत निर्णयात्मक मूल्याङ्कन गरी विद्यार्थी सक्षमताको अभिलेख राखिने छ ।

**विद्यार्थी मूल्याङ्कन**

१. प्राथमिक तहमा निर्माणात्मक/सुधारात्मक मूल्याङ्कन पद्धतिका आधारमा विद्यार्थीको सिकाइलाई सुनिश्चित गरिने छ । निर्माणात्मक मूल्याङ्कनको मुख्य उद्देश्य विद्यार्थीहरूको सिकाइस्तरमा सुधार गर्नु हो । यसका लागि शिक्षकले विद्यार्थीको व्यक्तिगत सिकाइउपलब्धिका आधारमा पटकपटक सिकाइअवसर प्रदानगर्नुपर्ने छ ।

२. कक्षा १-३ का विद्यार्थीको कार्यसञ्चयिका (प्रगति विवरण/Portfolio_ फाईल राखिनेछ । कार्यसञ्चयिका फाईललाई विद्यार्थीको कक्षा कार्य, परियोजना कार्य, उपलब्धि परीक्षा, विद्यार्थीमा आएको व्यावहारिक परिवर्तन अवलोकन, हाजिरी आदिका माध्यमले अद्यावधिक गरिने छ । विद्यालयमा पठनपाठन भएका विषयवस्तु र विद्यार्थीको उपलब्धिका बारेमा प्रत्येक महिना अभिभावकलाई जानकारी पठाउने व्यवस्था गरी कार्यसञ्चयिकामा त्यसको अभिलेख उल्लेख गर्नुपर्ने छ । यस तहमा गृहकार्यलाई अनिवार्य नगरी कक्षाकार्यमै बढी जोड दिनुपर्ने छ ।

३. कक्षा १-३ मा निर्माणात्मक पद्धतिका आधारमा विद्यार्थीको मूल्याङ्कन गरी उदार कक्षोन्नति नीति लागू गरिने छ ।

४. कक्षा १-३ मा उदार कक्षोन्नति गरिने भएकाले उत्तीर्णाङ्क तोकिएको छैन ।

५. उदार कक्षोन्नतिको मुख्य ध्येय शैक्षिक सत्रभरिको शिक्षणसिकाइ क्रियाकलापमा सरिक भइसकेका विद्यार्थीहरूलाई प्रोत्साहन स्वरूप उनीहरूकै व्यवहार परिवर्तनलाई आधार मानी कक्षोन्नति गर्नु हो । विद्यालयमा अति कम उपस्थिति भएका र न्यूनतम सिकाइउपलब्धि हासिल नगरेका विद्यार्थीहरूका लागि पुनः सिक्ने अवसर दिने गरी सम्बन्धित शिक्षक, अभिभावक र प्रधानाध्यापकको निर्णयबाट कक्षोन्नति गर्न सकिने छ ।

६. साधनहरू प्रत्येक विषयका लागि व्यवस्था गरिएका छन् ।

७. कक्षा १-३ मा विद्यार्थीले गरेको प्रगतिका आधारमा उनीहरूलाई ‘क’ देखि ‘ग’ श्रेणीमा वर्गीकरण गरिने छ ।

८. विविध सिकाइ आवश्यकता भएका विद्यार्थीहरूका लागि उपयुक्त हुने मूल्याङ्कन प्रक्रिया अपनाउनुपर्ने छ ।

९. यो पाठ्यक्रम लागू भएको पाँच वर्ष पूरा भएपछि तहगत उद्देश्यका आधारमा विद्यार्थीको उपलब्धि मूल्याङ्कन गरी शिक्षाको गुणस्तरको लेखाजोखा हुनेछ ।

१०. निरन्तर मूल्याङ्कन प्रक्रियाको मूल्याङ्कनका आधार तय गरिएको छ ।